मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ४ | अंक ०१ | २०८२ साल कार्तिक २४ गते सोमबार | Monday 10, November 2025 | सूर्योदय: बिहान ०६:२१ बजे | सूर्यास्त: साँझ ५:१७ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## रेडियो वीरगंजले २३ औँ वार्षिकोत्सव मनाउँदै

मध्यतराईको पहिलो रेडियो, रेडियो वीरगंज ९९ मेगाहर्जले २३ औँ वार्षिकोत्सव विविध कार्यक्रमसहित मनाउने भएको छ । रेडियो वीरगंज सञ्चालक समितिको आइतबार बिहान बसेको बैठकले आगामी मंसिर २० गते बृहत रक्तदान कार्यक्रमसहित अन्य गतिविधि आयोजना गर्ने निर्णय गरेको हो । रेडियोका कार्यकारी अध्यक्ष ध्रुव साहका अनुसार, रेडियो वीरगंजले विगतका वर्षहरूजस्तै यस वर्ष पनि रगत अभाव न्यूनीकरणका लागि बृहत रक्तदान कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरेको छ । उनका अनुसार, रेडियोले हरेक वर्ष आयोजना गर्दै आएको रक्तदान कार्यक्रमले रक्त अभाव पूरा गर्न महत्वपूर्ण योगदान पु¥याउँदै आएको छ । मंसिर २७ गते २३ वर्ष पूरा गरी २४ औँ वर्षमा प्रवेश गर्ने अवसरमा रेडियो वीरगंजले रक्तदानसहित विभिन्न सामाजिक तथा सांस्कृतिक कार्यक्रम आयोजना गर्ने तयारी गरेको अध्यक्ष साहले बताए ।

## प्रकाशकीय

# गौरवमय चौथो वर्षारम्भ



मधेशदृष्टि दैनिक आजबाट चौथो वर्षमा प्रवेश गरेको छ । मधेशभूमिमा पत्रकारितामा चाख मर्दै गएको छापामाध्यम पुनः जगाउन सकिन्छ र पढ्ने आदत बनाउन सकिन्छ कि भन्ने हाम्रो अभ्यासमा यहाँहरुले दिनु भएको साथसहयोगका लागि आभारी छौँ । नेपाली पत्रकारितामा मधेशको फरक र स्वाभिमानी अस्तित्व छ । छुट्टै गरिमा छ । यो गरिमालाई निरन्तरता दिनेक्रममा मधेशदृष्टि मधेश भूगोललाई केन्द्रित गरेर राष्ट्रियस्तरको अखबारको स्वाद पाठकलाई पस्कन पछिल्ला वर्षहरुमा क्रियाशील छ । रंगीन कलेबरमा आठ पृष्ठको राष्ट्रियस्तरको अखबार प्रकाशनमा हामीले यावत् चुनौती चबाउँदै पचाएका छौँ । यो बीचमा देशमा भइरहेको अनेक दृश्यमा साक्षी भएका छौँ । यसको असर सिधै पत्रिकालाई पर्छ । कहिले पत्रिका पाठकसम्म पुग्न सक्दैन । कहिले पत्रिका छाप्ने कागज आउन विलम्ब हुन्छ । कहिले पत्रिका छापिएर पनि कर्फ्यू लागेर पाठकले पढ्न पाउँदैनन् । मधेशका सबै भूगोलमा अखबार वितरण अझै चुनौतीपूर्ण नै छ । हामीले अखबार प्रकाशन गरेर स्थानीयस्तरमा पुर्याउँदा इन्टरनेट पाठकहरुको बढ्दो उपस्थिति चैँ देखिएको छ । यसले अखबारको समाचार बासी पो हुने हो कि भन्नेमा हामी सधैँ सचेत छौँ । आमरुचिका विषयबस्तु समेट्नेक्रममा औपचारिक र स्थानीय खबर पनि छुटाउनु हुन्न भन्नेमा सचेत छौँ ।

जनतालाई चासोको विषयमा कठोरसँग सत्य पर्गेल्ने अभ्याससहितका सामग्री दिनु नै हाम्रो पहिलो प्राथमिकता हो र यो कायम राखेका छौँ । सत्तामा पुगेकालाई राम्रा काममा साझेदारी र बदमासीमा खबरदारी गर्ने हाम्रो शुरुदेखिको अभ्यास छ । मधेशदृष्टिको यो पहिचान हो । बेलाबखत सरकारले राम्रो काम गर्दैछ भन्दा पाठकहरु पत्रिका गोरखापत्रजस्तो सरकारी मुखपत्र किन भनेर खबरदारी पनि गर्नुहुन्छ । र, हामी अखबार र पत्रकारिताको मर्मलाई धूलीसात हुने काम गर्दैनौँ । अरुले छापेका या मनगढन्ते लेखिएका सामग्रीलाई जवाफ दिने स्टेसन पनि बनाउँदैनौँ, पुरानै प्रतिवद्धता दोहोर्याउाछौँ । आफ्नै सूचना–सञ्चार सञ्जालमार्फत उत्पादन भएका समाचारलाई पहिलो कभरेज मधेशदृष्टिमा गरेपछि बरु अरुले हाम्रो 'टे«न्ड' पच्छ्याएकामा हामी गौरव गर्छौँ कि हामी पत्रिकारितामा ठिकै गरिरहेका छौँ ।

छापा संस्करणमा मधेशमा र इन्टरनेट प्रयोगकर्ताले मधेशदृष्टि अखबारमा देखाउनु भएको चासो, रोजाइ र सहभागितात्मक सम्बन्धमा हामी अरु परिपक्क हुने प्रयास गर्दैछौँ । मधेशदृष्टिमा छापिएका सामग्रीले समाजलाई सकारात्मक सन्देश प्रवाह गरेको विश्वास छ ।


समाज निर्माणमा हाम्रो भूमिका निम्छरालाई न्याय दिलाउनु हो । प्रदेशको विकास हो । सुशासनयुक्त प्रदेश सरकारको संशोधनसहित जनतामा बढ्दो वितृष्णा अन्त्य हो । संघीय लोकतान्त्रिक व्यवस्थाका खराबीमा बहस हो । पोहोर पनि यही भनेका थियौँ । यसैमा हाम्रो अर्को एक वर्ष पार भएको छ । संविधान संशोधनका मुद्दामा राज्य प्रवशे नै गरेन ।

जनताका मुद्दा प्राथमिकतामा परेन । फलत बहुमतको सरकार ढलेको छ केन्द्रमा र मधेशमा पनि थरिथरिका सरकार र मुख्यमन्त्रीहरु अघिल्लो रात र दिनसम्म बहुमतमा देखिन्छन्, क्षणभरमै तासको घर झैँ ढल्दा दूधको दूध, पानीको पानी लेखेका छौँ ।

कसैलाई बोकेका छैनौँ र कसैलाई पूर्वाग्रह पोखेका छैनौँ । यही कर्ममा हामी सक्रिय रहिरहेछौँ । तीन वर्षको यो कठोर यात्रामा साथ दिनु हुने सबैमा साधुवाद । पत्रिका व्यवस्थापनमा खटिएका कर्मचारीलाई धन्यवाद् । पूर्व कर्मचारीहरुलाई पनि सम्मान । सबै विज्ञापनदाता, पाठक वर्गमा पनि चौथो वर्ष प्रवेशको अवसरमा आगामी दिनमा पनि यस्तै र अरु परिस्कृत सामग्रीसहित निरन्तर उपस्थिति रहने प्रतिवद्धता दोहो¥याउन चाहन्छौँ ।

–ध्रुव साह
कार्यकारी अध्यक्ष
मधेशदृष्टि दैनिक

# मधेश प्रदेशमा नयाँ सरकार बन्न केही दिन लाग्ने





**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**

मधेश प्रदेशका मुख्यमन्त्री जितेन्द्र सोनलले राजीनामा दिएको २४ घण्टा बिते पनि नयाँ सरकार गठनका लागि आह्वान हुनसकेको छैन । मधेश प्रदेशमा संविधानको धारा १६८ को २ अनुसार सरकार गठन भएको र त्यो सरकारले विश्वासको मत पाउने आधार नदेखेपछि राजीनामा दिएकाले अब कुन धाराअनुसार सरकार निर्माण हुने हो भन्नेमा विवाद देखिएपछि सरकार निर्माणका लागि आह्वान गर्नसमेत लागेको छ ।

नेकपा एमालले संविधानको धारा १६८ को ३ अनुसार प्रदेश सभामा सबैभन्दा ठूलो दललाई सरकार मौका दिनुपर्ने गरी सरकार बनाउन आह्वान हुनुपर्ने माग गरेको छ भने नेपाली कांग्रेस, माओवादी केन्द्र, जसपा नेपाल, लोसपा, नेकपा एकीकृत समाजवादी पार्टीसहितले धारा १ सय ६८ को २ अनुसार नै पुनः सरकार गठन माग हुनुपर्ने तर्क गरेका छन् । सोही विवादका कारण नयाँ सरकार गठन आह्वान हुन नसकेको हो ।

सोनलसँगै नेपाली कांग्रेस संसदीय दलका नेता कृष्ण यादव, नेकपा (माओवादी केन्द्र) का उपनेता युवराज भट्टराई, जनता समाजवादी पार्टी (जसपा) नेपालका प्रमुख सचेतक रामअशिष यादव, नेकपा (एकीकृत समाजवादी) का प्रमुख सचेतक कनिस पटेल र नागरिक उन्मुक्ति पार्टीकी उर्मिला देवी सिंहले प्रदेश प्रमुख सुमित्रा भण्डारीसँग भेट गरेर संविधानको धारा १६८ को उपधारा २ अनुसार सरकार गठनका लागि आह्वान गर्न माग गरेका छन् ।

प्रदेश प्रमुख भण्डारीले आफू अहिले परामर्शमै रहेकाले एक दुई दिन लाग्नसक्ने बताएकी छन् । आइतबार साँझ नेकपा एमालेबाहेकका दल एक भएर छलफलका लागि प्रदेश प्रमुखको कार्यालयमा गएकोमा प्रदेश प्रमुख भण्डारीले यस्तो बताएको मुख्यमन्त्री जितेन्द्र सोनलले बताए । उनले प्रदेश प्रमुखले आफूहरु संविधानको मर्मअनुसार अगाडि बढ्ने र सोहीअनुसार केही समय लाग्ने बताएपछि पर्याप्त छलफल गर्न र संविधानअनुसार कदम चाल्न आग्रह गरेको बताए । सोनलले भने, 'प्रदेशमा कुनै पनि प्रकारका अराजकता हुनुहुँदैन, त्यसमा सबै दल एक थिए, संविधानवादको कुरामा हामी एक ढिक्का छौँ ।'

उनले संविधानमा अहिले भएको व्यवस्थाअनुसार धारा २ अनुसार विश्वासको मत असफल नभएको र आफूहरुले राजीनामा दिएका कारण सोही धाराअनुसार सरकार निर्माण हुनुपर्नेमा माग गरिएको बताए ।

सोनलले ८४ सदस्य रहेको दलहरुले प्रदेश प्रमुखसँग आग्रह गरेको बताउदै आफूहरुको आग्रह उनले प्रदेश प्रमुखले गम्भीरताका साथ लिएको र बहुमत छाडेर अन्य रुपमा जान नसक्ने भनेर आस्वस्त पार्दै छलफm लमा रहेको बताएको जानकारी दिए । सोनलले पर्याप्त छलफल गरेर सोही अनुसार कदम चाल्न आग्रहसमेत गरेको बताए ।

जनमत पार्टीका संसदीय दलका नेता महेशप्रसाद यादवले प्रदेश प्रमुख भण्डारीले नेपालको संविधानको धारा १६८ को उपधारा ३ बमोजिम आह्वान गरेर एमाले संसदीय दलका नेता सरोजकुमार यादवलाई नियुक्त गरेर काठमाडौँ जाने सुँइको पाएपछि सबै मिलेर प्रदेश प्रमुखको कार्यालयमा पुगेको बताए ।

यस्तै, नेपाली कांग्रेसका संसदीय दलका नेता कृष्णाप्रसाद यादवले आफूहरु गठबन्धन भन्दा पनि संविधानको धाराअनुसार सरकार गठन हुनुपर्ने पक्षमा रहेको बताए ।

उनले कांग्रेस अहिले कुनै पनि गठबन्धनमा नरहेको भन्दै अहिले संवैधानिक धाराअनुसार नै सूचना आह्वान होस् भन्नका लागि सबैजना मिलेर प्रदेश प्रमुखको कार्यालयमा गएको बताए । उनले भने, 'कांग्रेस अहिले कुनै पनि गठबन्धनमा छैन, संविधानअनुसार प्रदेश प्रमुखबाट सूचना आह्वान होस् भन्न सबै मिलेर प्रदेश प्रमुखको कार्यालयमा गएका हौँ ।'

जनता समाजवादी पार्टी (जसपा) नेपालका प्रमुख सचेतक रामअशिष यादवले संघीयता र संविधान जोगाउन सबै दल एकजुट भएर प्रदेश प्रमुख समक्ष अनुरोध गरेका बताए । नेकपा माओवादी केन्द्र संसदीय दलका नेता भरतप्रसाद साहले अहिले संविधान र संघीयता जोगाउन प्रदेश प्रमुखसँग भेटघाट गरेको र बाँकी कुरामा पछि छलफल गरिने बताए ।

शनिबार विश्वासको मत पाउने नभएपछि सोनलले राजीनामा दिएका थिए । उनले राजीनामा दिएको २४ घण्टा बितिसक्दा पनि नयाँ सरकार गठनका लागि आह्वान भएको छैन । आइतबार दिनभर विभिन्न राजनीतिक दलसँग छुट्टाछुट्टै भेटेकी प्रदेश प्रमुख सोमबार कानून व्यवसायी तथा संविधानका जानकारहरुसँग छलफल गर्ने भएकी छन् ।

शनिबार मुख्यमन्त्री सोनलले राजीनामा दिएपछि आइतबार दिनभर प्रदेश प्रमुख भण्डारी विभिन्न दलका नेताहरुसँग छुट्टाछुट्टै भेट गरेकी छिन् । उनले सरकार गठन सम्बन्धमा सबैसँग परामर्श गरे पनि अहिलेसम्म नयाँ सरकार गठनका लागि आह्वान गरेकी छैनन् । मधेशमा असोज २९ गते ६ दलको समर्थनमा मुख्यमन्त्री बनेका लोसपा नेता सोनलले विश्वासको मत नपाउने देखेपछि सदनमै राजीनामा दिएका थिए । उनको राजीनामा स्वीकृत भइसकेको छ । प्रदेश प्रमुखले अहिलेसम्म नयाँ सरकार गठनका लागि आह्वान गरेका छैनन् ।

एमाले कोटामा प्रदेश प्रमुख बनेकी भण्डारीले ठूलो दलको हैसियतमा संविधानको धारा १६८ को ३ बमोजिम एमाले संसदीय दलको नेता सरोजकुमरा यादवलाई मुख्यमन्त्री नियुक्त गर्ने हुन् कि आशंकाले दलहरु सशंकित छन् ।

# सबै जितेन्द्र सोनलकै पक्षमा छौँ अरु मुख्यमन्त्री सोचिएको छैन



**– लालबाबु राउत**
प्रथम मुख्यमन्त्री

मधेश प्रदेश सरकारका प्रथम मुख्यमन्त्री एवम् जनता सामाजवादी पार्टी नेपालका महासचिव लालबाबु राउतले मधेश प्रदेश सरकारमा ६ दलको समर्थन लोसपा नेपालका जितेन्द्र सोनलकै पक्षमा रहेको बताएका छन् । मधेशदृष्टिसँग कुराकानी गर्दै राउतले अहिले अर्को मुख्यमन्त्रीको अनुहारबारे चर्चै नभएको र केही दिनमै सोनल नै मुख्यमन्त्री बन्ने आधार तय हुँदै गएको बताएका छन् ।

उनले भने, 'हामीले लोसपाका माननीय जितेन्द्र सोनललाई प्रस्तावित गरेका हौँ, उसो त जसपा नेपाल ठूलो दल हो तर यतिखेर हाम्रो मुख्यमन्त्रीमा प्रस्ताव सोनललाई नै हो ।' उनले गठबन्धनबाटै माओवादीका र वीरगंजकै माननीय रहबर अन्सारीले पार्टीको आन्तरिक पीडा र आक्रोश संसद बैठकमा प्रकट गर्दा गठबन्धनको सरकारमै समस्या आएर राजीनामा दिनु परे पनि मुख्यमन्त्रीमा सोनलबाहेक अरुबारे छलफल नभएको बताए ।

'माओवादीले अनुभवी र पुराना नेता भरत प्रसाद साहलाई संसदीय दलका नेता नियुक्त गरेपछि उहाँको पार्टीको आक्रोश संसदमा पोख्नु राजनीतिक संस्कार थिएन, उहाँको प्रस्तुतिले संसदमा ६ पार्टीको बहुमतमा जितेन्द्रजीले मुख्यमन्त्री बन्ने आधार भत्कियो, यो संस्कारको विषय थिएन ।'

राउतले भने, 'आफ्नै मुखमा कालो पोत्नु उपयुक्त थियो कि थिएन, उहाँले पछि पनि भन्नुहोला, तर यो प्रदर्शनले सरकारलाई मिलेर गरिएको विश्वासको मतसमेत भाँडिने अवस्था बन्यो, दुई जनाले बहुमत पुगेन र सोनलजीले राजीनामा दिनुभयो ।'

प्रथम मुख्यमन्त्री राउतले संविधानमै व्यवस्था भएकाले धारा १६८ को २ कै सरकार बनाइने र त्यसमा मुख्यमन्त्री सोनल नै हुने बताए । उनले भने, 'यही धाराअनुसार सरकार बनाउने हो, अहिलेसम्म कुनै गठबन्धन दलहरुभित्र बदलाव आएको छैन । अरु दलहरुभित्रबाट मुख्यमन्त्रीको चर्चा पनि भएको छैन ।'

'जुन पार्टीबाट जित्नु भएको छ, त्यहाँ आन्तरिक समस्या होला,' राउतले भने, 'राजनीतिमा सबैभन्दा वरिष्ठलाई सम्मान गर्नु पर्ने संस्कार छ, सिनियरलाई पार्टीले पनि मूल्यांकन गर्दछ, आक्रोश व्यक्त गर्ने आधार हुन्छ, तर त्यो प्लेटफर्म अलग हो ।'

राउतले विगतमा अन्सारी पनि राज्यमन्त्री भएको बताउँदै पार्टीको आन्तरिक प्रणालीको असन्तुष्टि प्रदेश सभामा कसैले दुरुपयोग गर्न नहुने बताए । आइतबार बिहान पनि यो विषय बैठकमा उठेको र यो दुःखलाग्दो काम भएको भनेर समीक्षा भएको राउतले बताए । 'भरतजीले राजीनामा दिनसमेत तयार र अन्सारीलाई मागेको मन्त्री बनाउन तयार भएको सुनाउनु भयो,' राउतले भने, 'यसमा संसदीय दलका नेता यो भन्दा कति लचिलो हुने ?' 'उपधारा १ अनुसार बहुमत नबन्ने भएकाले अबको मुख्यमन्त्री पनि जितेन्द्र सोनल नै हुने हुन्,' राउतले भने, 'अब पनि केही दिनमा जितेन्द्रजी नै मुख्यमन्त्री बन्नुहुने सम्भावना छ, अहिले नै अर्को नाममा चर्चा गर्नु हतार हुनेछ ।'

# पोखरामा विद्युतीय तार भूमिगतको काममा ६० प्रतिशत प्रगति

**गण्डकी ।**
गण्डकी प्रदेशको राजधानी पोखरामा विद्युतीय तार भूमिगत गर्ने आयोजनाको भौतिक प्रगति हालसम्म ६० प्रतिशत पुगेको छ ।



आगामी चैतभित्र काम सक्ने लक्ष्यसहित कामलाई तीव्रता दिइएको नेपाल विद्युत् प्राधिकरणको पोखरा–भरतपुर वितरण प्रणाली सुदृढीकरण आयोजनाले जनाएको छ । सुरुको चरणमा निर्माण कम्पनीले काममा ढिलासुस्ती गरेपछि आयोजनाको प्रगति न्यून देखिएको थियो ।

आयोजनाका प्रमुख इञ्जिनियर आनन्द सुवेदीले निर्माण कम्पनीले पछिल्लोपटक थपिएको ठेक्का म्यादभित्र काम सक्ने प्रतिबद्धता जनाएको बताए । विसं २०७८ माघमा दुई वर्षे ठेक्कामा गएको उक्त आयोजनाको काम भने विसं २०८० वैशाखदेखि सुरु भएको थियो । त्यसयता ठेक्काको म्याद दुई पटक थप भइसकेको इञ्जिनियर सुवेदीले बताए ।

भारतीय कम्पनी टाटा प्रोजेक्ट्सले पोखरा र भरतपुरमा तार बिछ्याउन दुई अर्ब ५० करोड ३३ लाख रुपैयाँमा ठेक्का लिएको थियो ।

पोखरामा तार भूमिगत र वितरण प्रणाली सुदृढीकरणमा एक अर्ब ३० करोड खर्च हुने जनाइएको छ । हाल पोखरा अन्तरराष्ट्रिय विमानस्थल प्रवेशद्वारदेखि पृथ्वीचोकको सेती पुलसम्म तार बिछ्याएर घरघरमा विद्युत् वितरणसमेत भइसकेको इञ्जिनियर सुवेदीले बताए । अहिले सिर्जनाचोकदेखि सभागृह र जिरो किलोमिटर क्षेत्र र लेकसाइडको जरेबर क्षेत्रमा तार बिछ्याउने काम भइरहेको उनको भनाइ छ ।

आयोजनाअन्तर्गत पोखरा अन्तरराष्ट्रिय विमानस्थलको प्रवेशमार्गदेखि कुँडहरचोक, अमरसिंहचोक, पृथ्वीचोक हुँदै जिरो किमीसम्मको मुख्य राजमार्ग, सिर्जनाचोक, राष्ट्र बैंकचोक, लेकसाइड, सभागृहचोक, न्यूरोड, चिप्लेढुङ्गालगायत क्षेत्रमा तार भूमिगत गरिने भएको हो । मुख्यदेखि सहायक सडकसम्मै तार बिछ्याइने आयोजना कार्यालयले जनाएको छ ।

विद्युत् लाइनसँगै टेलिफोन, केबल र इन्टरनेटका तारका लागि अप्टिकल फाइबर पनि बिच्छाइनेछ । ‘लेकसाइडको गल्ली नं १५, १६ र १७ लगायत क्षेत्रमा तार बिछ्याउने काम भइसकेको छ, लेकसाइडको भित्री क्षेत्रमा पनि काम सुरु भएको छ,’ इञ्जिनियर सुवेदीले भने, ‘न्यूरोड र चिप्लेढुङ्गा क्षेत्रमा काम सुरु हुन बाँकी छ ।’

यसअघि विभिन्न कारण देखाउँदै काममा ढिलासुस्ती गरेको निर्माण कम्पनीले तिहारपछि कामलाई गति दिएको उनको भनाइ छ । आयोजनाको इञ्जिनियरिङ डिजाइन र उपकरण खरिदमा समय लागेकाले काम ढिलो सुरु भए पनि पछिल्लो समय भने निर्माण कम्पनीको लापर्वाहीका कारण आयोजनाको गति सुस्त हुँदै आएको थियो ।

पोखरालाई विद्युतीय तारमुक्त बनाउन प्राधिकरणले वितरण प्रणाली सुदृढीकरण आयोजना सञ्चालन गरेको हो । आयोजनामा मानवीय जनशक्तिभन्दा बढी यन्त्र, उपकरणमार्फत काम हुने गरेको इञ्जिनियर सुवेदीले बताए । पर्यटकीय शहर पोखराका मुख्य शहरी क्षेत्र र पर्यटकको बढी आउजाउ हुने ठाउँको तारलाई जमिनमुनि बिछ्याउन लागिएको हो ।

जमिनमुनि तार बिछ्याएपछि ग्राहकको घरघरमा बिजुली पुऱ्याउने काम पनि प्राधिकरण नै गरिरहेको छ । प्राधिकरणले सडकमा न्यून क्षति हुने गरी तार बिछ्याउने प्रविधि प्रयोग गर्दै आएको छ । ‘होरिजेन्टल डाइरेक्सनल ड्रिलिङ’ प्रविधिबाट सडक खनेर तार भूमिगत गरिएको इञ्जिनियर सुवेदीले बताए । तार भूमिगत गरेपछि ठाउँठाउँमा ट्रान्सफर्मर राखेर ग्राहकका घरघरमा बिजुली पुऱ्याइने प्राधिकरणले जनाएको छ ।

विद्युत् लाइन जमिनमुनि बिछ्याउँदा अव्यवस्थित तार, पोलबाट पोखराले मुक्ति पाउनुका साथै शहरी सौन्दर्य बढ्ने विश्वास लिइएको छ । भूमिगत तार बढी क्षमतायुक्त र भरपर्दो हुने हुँदा ग्राहकको बढ्दो माग र बिजुलीको चाप थेग्न भूमिगत प्रणाली उपयुक्त हुने प्राधिकरणको भनाइ छ ।

प्राधिकरणले काठमाडौँ, पोखरा, भरतपुरजस्ता ठूला शहरमा तार भूमिगत गर्ने योजना सञ्चालन गरिरहेको छ ।रासस

# ‘बर्फानी बाबा’ मन्दिर पर्यटकीय गन्तव्यका रुपमा विकास हुँदै

**नेपालगञ्ज ।**
यहाँको राप्तीसोनारी–४ स्थित चुरे पहाडमा रहेको ‘बर्फानी बाबा’ मन्दिर पर्यटकीय गन्तव्यका रूपमा विकास हुनथालेको छ ।



नेपालगञ्ज बजारबाट करिब ३० किलोमिटर पूर्वदक्षिणमा रहेको सो मन्दिरमा आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल बढ्न थालेको छ । धार्मिक पर्यटनका रूपमा विकास हुनथालेको सो मन्दिरमा पदयात्रा गरेर मनोरम दृश्य दृश्यावलोकन गर्दै त्यहाँ पुग्न सकिने नेपाल एसोसिएसन अफ टुर्स एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) बाँकेका पूर्वअध्यक्ष श्रीराम सिग्देलले बताए ।

उनले बाँकेको राप्तीसोनारी गाउँपालिकाको कुम्भरबाट करिब दुई घण्टाको पैदलयात्रा गरेर सो मन्दिरमा पुग्न सकिने उल्लेख गर्दै त्यस क्षेत्रको विकास लागि अझै लगानी बढाउन आवश्यक भएको बताए ।

राप्तीसोनारी गाउँपालिकाका पूर्वअध्यक्ष लाहुराम चौधरीले ‘बर्फानी बाबा’को मन्दिर धार्मिक पर्यटनका लागि महत्त्वपूर्ण गन्तव्य भएकाले भौतिक पूर्वाधारको विकासमा अझै विकास आवश्यक भएको धारणा व्यक्त गरे । उनले आफ्नो कार्यकालमा छ वर्षअघि ३० लाख रुपैयाँ लागतमा मन्दिर निर्माण गरेको जानकारी दिँदै बाटो निर्माणमा पनि २८ लाख रुपैयाँ खर्च गरिएको बताए ।

खानेपानीको व्यवस्थापन थिएन, भक्तजन बस्ने कुनै प्रबन्ध थिएन तर अहिले सबैको व्यवस्थापन भएको पूर्वअध्यक्ष थारूको भनाइ छ । मन्दिर क्षेत्रमा अझै पनि शौचालय व्यवस्थापन हुनसकेको छैन । चौधरीले आवतजावत गर्न अझै कठिनाइ झेल्नुपरेको जानकारी दिँदै पर्याप्त भौतिक पूर्वाधारको विकास हुन नसकेको बताए ।

‘बर्फानी बाबा’ मन्दिरका प्रमुख बाबा केशव गिरीले मन्दिरमा बर्सेनि आगो लाग्दा कुटीमा कठिनाइ झेल्नुपरेको बताउँदै मन्दिर क्षेत्रमा चारैतर्फ पर्खाल निर्माण आवश्यक भएको बताए ।

भारतीय पत्रकार एसके मदेशियाले प्राकृतिक सौन्दर्यले आफूलाई लोभ्याएको उल्लेख गर्दै मन्दिर जानका लागि आवजातवत गर्नलाई सहज बनाउन आवश्यक रहेको बताए । स्थानीय पत्रकार विमला चौधरीले विगतमा भन्दा ‘बर्फानी बाबा’ मन्दिरको स्वरुपमा परिवर्तन भएको बताईन ।

गुल्मेली सेवा समाज बाँकेका हरिलाल न्यौपानेले प्राकृतिक सौन्दर्यले पदयात्रा गरेर त्यहाँ जाँदा भिन्दै आनन्द प्राप्त गरेको बताए ।

केही वर्षअघि मात्रै ७० लाख रुपैयाँ खर्च गरेर खानेपानीको व्यवस्थापन गरिएको सो मन्दिरमा प्रदेश सरकारले पनि बर्सेनि बजेट लगानी गरिरहेको छ । रासस

# ‘विद्यार्थीलाई विदेश पलायनबाट रोक्ने शैक्षिक योजना आवश्यक’

**गण्डकी ।**
गण्डकी विश्वविद्यालयका कुलपति प्राडा इन्द्रप्रसाद तिवारीले विद्यार्थीलाई विदेश पलायनबाट रोक्ने गरी शैक्षिक योजना ल्याउनुपर्ने बताएका छन ।

त्रिवेणी इन्टरनेसनल कलेजको १०औँ वार्षिक साधारणसभाको उद्घाटन गर्दै कुलपति प्राडा तिवारीले विश्वविद्यालको एकेडेमिक कोर्षमा विद्यार्थी आश्वस्त हुन नसकेकाले विदेश पलायन हुने गरेका उल्लेख गरे । गण्डकी विश्वविद्यालयले प्रविधि र अनुसन्धानको क्षेत्रलाई लक्षित गरी पाठ्यक्रमको तयारी गरेको जिकिर गर्दै उनले गण्डकी प्रदेश सरकारले अनुसन्धानको क्षेत्रमा काम गर्ने थप जिम्मेवारी दिएको बताए ।

यही शैक्षिक सत्रको अन्त्यसम्म विश्वविद्यालयबाट ६० सूचना प्रविधिका विद्यार्थी उत्पादन हुने स्पष्ट पार्दै कुलपति प्राडा तिवारीले उनीहरूलाई रोजगारीको अवसर दिन आग्रह गरे । विद्यार्थीलाई रोजगारीका बहुक्षेत्रमा प्रवेश गर्न सक्नेगरी क्षमतावान् बन्ने गरी अध्यापन गराउनुपर्नेमा उनले जोड दिए । विद्यार्थीले रोजगारीसँगै अध्ययनलाई पनि जारी राख्न सक्ने वातावरण क्याम्पस र बजारले बनाई दिनुपर्ने उनले बताए । कार्यक्रमका अध्यक्ष सुमन भट्टराईले शिक्षामा सरकारी, सामुदायिक र निजी गरी वर्गीकरण गरेर विभेद गर्न नहुने बताए । कलेजमा शुल्क नभएका कारण कोही पनि विद्यार्थी शिक्षाबाट वञ्चित हुन नपर्ने भन्दै उनले जेहेन्दार र आर्थिक हिसाबले कम अवसर पाएका विद्यार्थीका लागि कलेजले विभिन्न सङ्घसंस्थाको सहकार्यमा छात्रवृत्तिमा अध्ययनको व्यवस्था मिलाएको जानकारी दिए ।

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त त्रिवेणी इन्टरनेसनल कलेजमा व्यवस्थापन विषयमा स्नातक र स्नाकोत्तर तहका कक्षा सञ्चालन हुँदै आएका छन् । यहाँ झन्डै ६ सय विद्यार्थी अध्ययन गर्दै आएका सो अवसरमा जानकारी गराइयो ।

कार्यक्रममा लेखनाथ उद्योग वाणिज्य सङ्घका अध्यक्ष जानुका पराजुली, लेखनाथ खानेपानी उपभोक्ता समितिका अध्यक्ष मुरारी शर्मा, हिसान कास्कीका अध्यक्ष यमबहादुर रोका, कलेजका पूर्वअध्यक्ष राजेन्द्रमणि लामिछाने, कलेजका प्रमुख यदुनाथ आचार्य, सहायक प्रमुख डिल्लीराम पौडेललगायतले कलेजको शैक्षिक गुणस्तरका सम्बन्धमा आ–आफ्नो धारणा राख्नुभएको थियो ।रासस

# नयाँ मेसु साहलाई स्वागत

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित नारायणी अस्पताल विकास समितिले आइतबार नयाँ निमित्त मेडिकल सुपरिन्टेन्डेण्ट (मेसु) डा.चितरन्जन साहलाई स्वागत गरेको छ ।

अस्पताल विकास समिति तथा कर्मचारीहरूले आयोजित स्वागत कार्यक्रममा मेसु साहलाई स्वागत गरेको हो ।

साथै सफल कार्यकालका लागि शुभकामना समेत दिएका छन् । कार्यक्रममा बोल्ने वक्ताहरूले अस्पतालको सेवासुविधा विस्तार, व्यवस्थापन सुधार र आमनागरिकका स्वास्थ्य अधिकार सुनिश्चित गर्न नयाँ नेतृत्वले प्रभावकारी भूमिका खेल्ने विश्वास व्यक्त गरे । स्वागत कार्यक्रममा अस्पतालका चिकित्सक, स्वास्थ्यकर्मी र प्रशासनिक कर्मचारीहरूको उल्लेखनीय उपस्थिति थियो ।

नयाँ मेसु साहले विकास समितिको विश्वासप्रति आभार व्यक्त गर्दै अस्पतालको समग्र सेवा प्रणालीलाई अझ सुदृढ र जनमैत्री बनाउन निरन्तर प्रयास गर्ने प्रतिबद्धता जनाए ।

# आलमको निधनमा चार पालिकामा शोकबिदा

**मधेशदृष्टि**
**रौतहट ।**
चारवटा नगरपालिकामा आइतबार शोक बिदा दिइएको छ ।

नेपाली कांग्रेसका नेता एवम् पूर्वमन्त्री मोहम्मद आफताब आलमको निधनप्रति श्रद्धाञ्जली अर्पण गर्दै चारवटा नगरपालिका शोक बिदा दिएको हो । राजपुर नगरपालिका, परोहा नगरपालिका, ईशनाथ नगरपालिका र बौधीमाई नगरपालिकाले शोक बिदा दिएको हो ।

चारवटै नगरपालिकाले बेग्लाबेग्लै सूचना निकाल्दै आइतबार एक दिनका लागि शोक बिदा दिएको जानकारी गराएको छ । नगरपालिकाहरूबाट निकालिएको सूचनामा भनिएको छ, ‘दिवङ्गत नेताप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनप्रति समवेदना छ ।

पूर्वमन्त्री आलमको उपचारका क्रममा काठमाडौँ मेडिकल कलेजमा यही शुक्रबार राति निधन भएको थियो ।’

# नक्कली बिल बनाएर ठग्नेहरुसँग सचेत रहन आग्रह

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रहरी कार्यालय पर्साले सामाजिक सञ्जालमार्फत नक्कली बिल–विजक बनाएर ठगी गर्ने घटना बढ्दै गएपछि सर्वसाधारण र व्यापारी समुदायलाई सचेत रहन आग्रह गरेको छ । प्रहरीका अनुसार केही दिनयता विभिन्न प्रतिष्ठित व्यापारिक संस्थाहरूका बिल–बिजक नक्कली बनाई त्यस्ता कागजात प्रयोग गरी सिमेन्ट, छड, मदिरा, मोटर पार्ट्स लगायतका सामग्री ठगीपूर्वक खरिद गर्ने घटना बढिरहेका छन् ।

यसै सन्दर्भमा प्रहरी कार्यालयले कुनै पनि व्यापारिक कारोबार गर्दा सम्बन्धित व्यक्ति वा संस्थाको प्रामाणिकता पक्का गरेपछि मात्र कारोबार गर्न अनुरोध गरेको छ । साथै, आधिकारिकता विनाका सामानहरू खरिद नगर्न समेत आग्रह गर्दै यस्तो कार्यमा संलग्नहरूलाई प्रचलित कानूनअनुसार कारबाही गरिने चेतावनी दिएको छ ।

प्रहरी नायब उपरीक्षक तथा सूचना अधिकारी हरि बहादुर बस्नेतले नक्कली बिल–विजकमार्फत हुने ठगीबाट जोगिन सबै व्यापारी र सर्वसाधारणलाई सावधानी अपनाउन अनुरोध गरेका छन् ।

# कामपामा प्लाष्टिकजन्य वस्तु बाल्न प्रतिबन्ध

**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिकाले आफ्नो क्षेत्रभित्र फोहर, प्लाष्टिक तथा प्लाष्टिकजन्य वस्तु बाल्न प्रतिबन्ध लगाएको छ ।

वायु प्रदूषणबाट वातावरण र जनस्वास्थ्यमा पर्ने प्रतिकूल असर घटाउने उद्देश्यले प्लाष्टिकजन्य वस्तु बाल्न प्रतिबन्ध लगाइएको कामपाको वातावरण विभागले जनाएको छ ।

चिसो बढेसँगै फोहर, प्लाष्टिक र अन्य वस्तु खुला ठाउँमा बाल्नेक्रम बढेको जनाउँदै यस्ता वस्तु बाल्दा वातावरण र जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने भएकाले रोक लगाइएको विभागका प्रमुख सरिता राईले जानकारी दिए । उनका अनुसार उक्त व्यवस्था अटेर गरेमा प्रतिपटक १० हजार रुपैयाँ जरिवाना हुनेछ ।

‘हरेक वर्ष जाडो महिनामा काठमाडौँ उपत्यकाको वायु प्रदूषणको स्तर अत्यधिक बढ्ने गरेको छ । प्रदूषण बढ्नुमा यसरी खुला रूपमा बालिने प्लाष्टिकजन्य वस्तुको महत्त्वपूर्ण हिस्सा छ,’ विभागका प्रमुख राईले भने, ‘जनस्वास्थ्य र वातावरणमा पर्ने प्रतिकूल असर घटाउन यसप्रकारको निर्णय गरिएको हो ।’

वायु प्रदूषणले बालबालिका, ज्येष्ठ नागरिक, दमखोकीजस्ता श्वासप्रश्वासका बिरामी, मुटुमा समस्या भएका तथा दीर्घ रोगको सामना गरिरहेका व्यक्तिलाई नकारात्मक असर गर्दछ । ती व्यक्तिका साथै शहरवासी सबैको स्वास्थ्य सुरक्षा र वातावरण जोगाउन पनि खुला रूपमा प्लाष्टिकजन्य वस्तु बालेर धुँवा उत्सर्जन घटाउने प्रयास कामपाले गरेको हो ।

राईले भने, ‘कामपाले जारी गरेको प्रतिबन्धसम्बन्धी अनुरोध कसैले अटेर गरेमा काठमाडौँ महानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ तथा आर्थिक ऐन, २०८२ बमोजिम कारबाही हुनेछ ।’रासस

# अझै सम्बोधन भएन एम्बुलेन्स चालकको माग

**चितवन ।**
संयुक्त एम्बुलेन्स चालक सङ्घ नेपालले राख्दै आएको माग अझै सम्बोधन हुन सकेको छैन । सङ्घले स्वास्थ्य ऐन, २०७५ संशोधन गर्नुपर्ने, स्वास्थ्य क्षेत्रले मात्र एम्बुलेन्स सञ्चालन गर्न पाउने व्यवस्था खारेज गर्नुपर्ने, हाल क, ख र ग वर्गमा रहेका एम्बुलेन्सलाई सहजै नवीकरण गर्न दिनुपर्नेलगायत माग राख्दै आएको छ ।

त्यसैगरी, एम्बुलेन्स चालकलाई स्वास्थ्य तालिमको व्यवस्था गर्नुपर्ने, सबै अस्पतालमा एम्बुलेन्स पार्किङको व्यवस्था हुनुपर्ने, सरकारले चालकलाई स्वास्थ्य सामग्री, एम्बुलेन्समा आवश्यक औषधि, चालकलाई सुरक्षा पोशाक व्यवस्था गर्नुपर्ने सङ्घको माग छ । देशभर छ हजार एम्बुलेन्स छन् । तीमध्ये ८० प्रतिशत ऐनका कारण नवीकरण हुन नसकेको सङ्घका अध्यक्ष नवराज लामिछानेले बताए ।

उनले भने, ‘यसअघिका सरकारले हाम्रो मागलाई बेवास्ता ग¥यो, अहिलेको सरकारले सम्बोधन गर्नेमा हामी ढुक्क छौँ ।’ नागरिकको बलमा बनेको सरकार र स्वास्थ्य क्षेत्र बुझ्नुभएका मन्त्रीबाट आफूहरुको माग सम्बोधन हुने लामिछानेको भनाइ छ । लामिछानेले केही दिनमै स्वास्थ्यमन्त्रीसमक्ष आफूहरुको माग राख्न लागिएको बताए ।

यसअघि आफ्नो माग पूरा गर्न आग्रह गर्दै सङ्घले स्वास्थ्यमन्त्रीसहित प्रमुख दललाई ध्यानाकर्षणपत्र बुझाएको थियो । ऐनका कारण स्वास्थ्य संस्थाबाहेक अन्यले नयाँ एम्बुलेन्स ल्याउन नपाउँदा गाउँबस्तीमा एम्बुलेन्सको अभाव भएको उनि बताउछन । उनले भने, ‘पहिलेका पुराना भए, नयाँ आउन सकेका छैनन्, यसले गाउँघरमा एम्बुलेन्स नपाइने समस्या बढ्दै गएको छ ।’रासस

# कोहिनूर बचत तथा ऋण सहकारी संस्था लि.

## बिरगंज,पर्सा

## कर्जा चुक्ता गर्न आउने बारेमा ३५ दिने अत्यन्तै जरुरी सुचना

**प्रकाशित मिति :- २०८२/०७/२४ दोस्रो पटक**

**टेलिफोन नं.:-०५१५९१५३४,Gmail:-kohinoorsahakari@gmail.com**

यस कोहिनुर बचत तथा ऋण सहकारी संस्था लि.का मिति २०८२/०७/२४ तपसिलमा उलेखित ऋणीहरुले यस संस्थाबाट उपभोग गरेको कर्जा समय समयमा बुझाउनु पर्ने साँवा,ब्याज आदि नतिरी नबुझाई ऋण लिदा गरेको शर्त कबुलियत उलंघन गरेको र संस्थाले मौखिक एवम लिखित रुपमा पटक पटक तर ताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा,ब्याज तथा हर्जाना ब्याज समेत चुक्ताभुक्तान नगरेको हुँदा यो सूचना दोस्रो पटक प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा,ब्याज तथा हर्जाना समेत चुक्ताभुक्तान गर्नुहुन यो सूचना दोस्रो पटक प्रकाशित गरिएको छ । अन्यथा उल्लेखित मिति भित्रमा बुझाउनुपर्ने सम्पूर्ण कर्जा साँवा,ब्याज तथा हर्जाना समेत भुक्तान नगरेमा यस संस्थालाई कर्जाको सुरक्षण बापत लेखिदिएको तपसिल बमोजिमको धितोमा रहेको चलअचल सम्पति जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा लिलामबिक्रि गरि वा अन्य व्यवस्था गरि संस्थाको साँवा,ब्याज तथा हर्जाना लगायत असुली कारवाहीको सिलसिलामा भएको अन्य खर्चहरु समेत असुल उपर गरि लिने तथा लेना रकम असुल उपर नभएको खण्डमा तपाई ऋणीहरु तथा धनजमानी दिनेको घरघरानार चलअचल सम्पतिबाट असुल उपर गरिनुका साथै प्रचलित नियम कानुन बमोजिम तपाई ऋणी तथा जमानीकर्तालाई कालो सुचिमा राख्न सिफारिश गर्ने व्यहोरा समेत ऋणी,जमानी कर्ताहरु तथा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

**तपसिल**

| सि.नं. | ऋणीको नाम,ठेगाना | कर्जाको सुरक्षण बिवरण |
|---|---|---|
| १. | ऋणी : हाजमा खातुन<br>पति : मजरुल हक मिया<br>बुवा : चोकट मिया<br>ससुरा : बसारथ मिया<br>**कर्जा शिर्षक : व्यपार कर्जा** | श्री बसारथ मिया को बुहारी मजरुल हक मिया को श्रीमति हाजमा खातुन पर्सा जिल्ला पचरुखी वडा नं. ८ बस्ने ना.प्रा.न ३४१०५८/९६ मिति २०६५/०१/१० पर्सा बर्ष ५२ को हाजमा खातुन को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला पचरुखी वडा नं.८ स्थितका किता नं. ६९४,३५९ को जग्गाको क्षेत्रफल ०-७-०-०,०-५-०-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| २. | ऋणी : बिगनी देवी<br>पति : असर्फी महतो नुनिया<br>बुवा : जितन महतो नुनिया<br>ससुरा : ठग महतो<br>**कर्जा शिर्षक : व्यपार कर्जा** | श्री ठग महतो को बुहारी असर्फी महतो नुनिया को श्रीमति बिगनी देवी पर्सा जिल्ला बागेश्वरी तित्रौना वडा नं. ०४ बस्ने ना.प्रा.नं. ३४३००६/८० मिति २०६३/१२/११ पर्सा वर्ष ४४ को बिगनी देवी को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला बागेश्वरी तित्रौना वडा नं. ०४ स्थितको किता नं. २०८,९७ को जग्गाको क्षेत्रफल ४३८.३४,३२१.६७ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ३. | ऋणी : रेखा देवी<br>पति : राम बावु प्रसाद यादव<br>बुवा : चन्द्रिका राउत अहिर<br>ससुरा : गोरख राउत अहिर<br>**कर्जा शिर्षक : व्यपार कर्जा** | श्री गोरख राउत अहिर को बुहारी राम बावु प्रसाद यादव को श्रीमति रेखा देवी बारा जिल्ला बरैनिया वडा नं. ०२ बस्ने ना.प्रा.नं. ३३३०८८/४६४ मिति २०६३/१०/१२ बारा बर्ष ४४ को रेखा देवी को नाममा एकलौटी दर्ता कायम भएको पर्सा नगवा वी र बागेश्वरी तित्रौना वडा नं.३ ख र ५,६ स्थितको किता नं. २२०,२२१ र ४९१,२१३ को जग्गाको क्षेत्रफल ०-०-६,०-०-६-८ र ०,०२०५.००,०,०३००.०० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ४. | ऋणी : सैमुला खातुन<br>पति : मनिर मिया<br>बुवा : करमुल्लाह मिया<br>ससुरा : नसिव मियाँ<br>**कर्जा शिर्षक : व्यपार कर्जा** | श्री नसिव मिया को बुहारी मनिर मिया को श्रीमति सैमुला खातुन पर्सा जिल्ला मनियारी वडा नं. ०६ बस्ने ना.प्रा.नं. ७९४७ मिति २०६४/०१/२५ पर्सा वर्ष ४९ को सैमुला खातुन को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला मनियारी वडा नं.०५ स्थितको किता नं. ११५७ को जग्गाको क्षेत्रफल ०-०-८-९.५ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ५. | ऋणी : रामेश्वर राउत अहिर<br>पत्नी : राम्भा देवी<br>बुवा : सुकदेव राउत<br>बाजे : कवल राउत<br>**कर्जा शिर्षक : व्यपार कर्जा** | श्री कवल राउत को नाती सुकदेव राउत को छोरा रामेश्वर राउत अहिर पर्सा जिल्ला सखुवा प्रसौनी वडा नं. ०९ बस्ने ना.प्रा.नं. ८११६२५३० मिति २०५५/०९/०८ पर्सा बर्ष ५० को रामेश्वर राउत अहिर को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला सखुवा प्रसौनी वडा नं. ०९ स्थितको किता नं. ९४ को जग्गाको क्षेत्रफल ०,१०२५ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |



# Bindawasni Rural Municipality

## Office of Rural Municipal Executive

Bahuwarwabhatta, Parsa
Madhesh Province, Nepal

## Notice of Invitation For Electronic Bid

**First Date of Publication: 2082/07/24 (10th Nov 2025)**

1. Bindabasini Rural Municipality, Parsa Invites electronic Bids From eligible Nepalese bidders for the following works.

| S. N. | Contract Id No. | Project Name | Bid Validity Period from the last date of submission | Estimated Amount (Without VAT and PS) | Bid Security Amount/ Period | Bid Document Cost |
|---|---|---|---|---|---|---|
| 1. | BRM/W/01/2082-083 | Construction of Building for Bipana Warg Ka Lagi Awas Nirman | 90 days | 9,691,860 | 273,800.00/ 120 days | 3000.00 |

Further Information's to bidder:

| | |
|---|---|
| Deadline for Bid Submission : | 10/12/2025 till 12:00 Noon |
| Date , Time & Place of Bid Opening | 10/12/20251:00 pmat Bindabasini Rural Municipality Bahuwarwabhatta, Parsa |
| Account No. for Bid Document Purchase: | Name of Bank :- Laxmi Sunrise Bank Ltd.-Bindabasini Parsa<br>Name of Office :- Bindabasini Rural Municipality Bahuwarwabhatta, Parsa<br>Account Name :- GA 1.1 ANTRIK RAJASWA KHATA<br>Office Account no : 0750498573703008 |
| Account No. for Bid Security Deposit: | Name of Bank :- Laxmi Sunrise Bank Ltd.-Bindabasini Parsa<br>Name of Office :- Bindabasini Rural Municipality Bahuwarwabhatta, Parsa<br>Account Name :- GA 3 STHANIY TAH DHARAUTI KHATA<br>Office Account no : 0750498573701004 |

2. Eligible Bidders may obtain further information and inspect the bids Documents at the Bindabasini Rural MunicipalityBahuwarwabhatta, Parsa Office , Parsa or may visit PPMO website www.bolpatra.gov.np/egp
3. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Bidders have to Submit their bid electronically through e-GP system of PPMO website: www.bolpatra.gov.np/egp as specified in the Instruction to Bidders.
5. The office reserves right to accept or reject any or all bids without assigning any reason, whatsoever.


# रासायनिक मल किसानलाई पुग्ने गरी ‘अनलाइन सिस्टम’ विकास गरिने



**वीरगंज ।**
कृषि तथा पशुपन्छी विकास डा मन्त्री मदनप्रसाद परियारले सरकारी अनुदानको रासायनिक मल वितरण प्रणालीलाई किसानमैत्री र न्यायोचित ढङ्गले वितरण गर्नका लागि आवश्यक पर्ने अनलाइन संरचनाको विकास गर्न लागेको बताएका छन् ।

शनिबार पर्सा र बाराका कृषि र पशुपन्छीसँग सम्बन्धित सरकारी कार्यालयको निरीक्षण तथा किसानहरूसँगको छुट्टाछुट्टै भेटघाट कार्यक्रममा उनले रासायनिक मल वितरण प्रणालीमा कतै न कतै समस्या भएकाले सो वितरण प्रणालीलाई वास्तविक कृषकमैत्री बनाउन खोजेको जानकारी दिए ।

‘सरकारले अनुदानमा उपलब्ध गराएको मल वास्तविक किसानले सहज र न्यायोचित ढङ्गले प्राप्त गर्न नसकिरहेको गुनासा आइरहेका छन् । त्यस्ता खालका गुनासालाई सम्बोधन गर्नका लागि अनलाइन प्रणालीबाट कुन किसानले कति परिमाणको मल प्राप्त गरे भन्ने खालको अनलाइन प्रणालीको विकास गर्न जुटेका छौँ । सम्भवतः सो कार्य छिट्टै सञ्चालनमा ल्याइनेछ,’ उनले भने, ‘सरकारले ठूलो धनराशिको रासायनिक मल खरिद गरेर किसानलाई अनुदानका रूपमा सस्तो मूल्यमा उपलब्ध गराउँदै आइरहेको छ । तर, अनुदानको मलमा वितरण प्रणालीमा कतै न कतै समस्या भने कायमै छ । सो कमजोरीलाई सुधार्न हामीले खोजिरहेका छौँ ।’

मन्त्री परियारले मल बिक्री वितरण गर्न सहजीकरण गर्ने पालिका र मल वितरणका लागि अनुमति वा ‘डिलरसिप’ प्राप्त गरेका सहकारी संस्था, फर्म वा कम्पनीको बदमासीका कारणले वास्तविक किसानले रासायनिक मल प्राप्त गर्न नसकिरहेको जानकारी दिए ।

‘कुन–पालिकाका किसानले कति मल प्राप्त गरे भन्ने वितरण अनलाइनबाटै हेर्न सकिने व्यवस्था गर्दैछौँ । यो प्रणालीले मल प्राप्त गर्ने र नगर्नेको मूल्याङ्कन गर्न पनि सहज हुनेछ,’ उनले भने, ‘मल वितरण प्रणालीमा अहिले पहुँचवालाको मनलाग्दीलाई पनि अन्त्य गर्न सहयोग पुग्नेछ,’ मन्त्री परियारले अनुदानको मल वितरणमा भएको त्रुटिलाई दीर्घकालीन रूपमा सम्बोधन गर्नेगरी अनलाइन प्रणालीको विकास गर्न लागेको बताए । उनले भने, ‘सरकारी अनुदानको मल कुन सहकारीमा कति पुग्यो, कुन–कुन किसानले प्राप्त गरे भन्ने खालको तथ्यपरक तथ्याङ्क अनलाइनबाटै हेर्न मिल्ने खालको संरचना निर्माणको तयारीमा जुटिरहेका छौँ । यसले अनुदानको रासायनिक मल दुरुपयोग रोक्नलाई सहज हुने अपेक्षा राखेका छौँ ।’

सरकारले अहिले युरिया मलको आयात विन्दुको मूल्य १४ रुपैयाँ प्रतिकिलोग्राम तोकेको छ । त्यस्तै डिएपीको प्रतिकिलोग्रामका लागि ४३ रुपैयाँ र पोटास प्रतिकिलोग्रामका ३१ रुपैयाँ तोकेको छ । मन्त्री परियारले सरकारले निकै महँगो मूल्यमा रासायनिक मल खरिद गरेर किसानलाई सस्तो मूल्यमा अनुदानको मल उपलब्ध गराउँदै आइरहेको दाबी गरे । ‘रासायनिक मलको माग बर्सेनि वृद्धि भइरहेको छ”, उनले भने, “सरकारले प्रत्येक वर्ष साढे चार लाख मेट्रिक टनदेखि पाँच लाख मेट्रिक टन रासायनिक मल खरिद गर्दै आइरहे पनि किसानको माग अझै थेग्न सकिने अवस्थामा पुगेको छैन,’ उनले भने, ‘किसान पनि प्राङ्गारिक मल प्रयोग गर्नेतर्फ अग्रसर हुन जरुरी छ ।’ मन्त्री परियारले विगतका वर्षमा जस्तो यो वर्ष रासायनिक मलको हाहाकार नहुने दाबी गरे ।

फरक प्रसङ्गमा कृषिमन्त्री परियारले उखु किसानको विगतमा प्रतिक्विन्टल रु ७० दिँदै आएको अनुदानलाई निरन्तरता दिनका लागि मन्त्रिपरिषद्मा लगिसकेको जानकारी दिए । ‘उखु किसानको समस्याको विषयमा गम्भीर छौँ,’ उनले भने, ‘मन्त्रालयको तर्फबाट आवश्यक समन्वय हुने काम भइरहेको छ ।’

मन्त्री परियारले कृषिमा यान्त्रिकीकरण गर्न जरुरत भएको बताए । कृषि औजार अनुसन्धान केन्द्र रानीघाटका प्रमुख सचिन मिश्रले कृषि औजार प्रयोग गरेर खेतीकिसानी गर्न सकेको खण्डमा बाली लगाउने लागत घटाएर उत्पादकत्व बढाउन सकिने बताए । ‘सरकारले कृषि औजार यान्त्रिकीकरणमा विशेष जोड दिने बेला भइसकेको छ । यान्त्रिकीकरणका माध्यमबाट कृषिमा राम्रो फड्को मार्न सकिनेछ ।’

कृषि अनुसन्धान निर्देशानलय परवानीपुरका प्रमुख विश्वेश्वरप्रसाद यादवले निर्देशनालयले लाइफस्टकअन्तर्गत भैँसीपालन गर्न थालेको बताए । ‘यहाँ कृषि क्षेत्रसँग भएका नवीनतम् अभ्यासको काम गर्दै आइरहेको छ । सरकारले कृषि अध्ययन अनुसन्धान र यान्त्रिकीकरणमा आवश्यक सहयोगको आवश्यकता रहेको छ,’ उनले भने ।

राष्ट्रिय पन्छी अनुसन्धान कार्यक्रमका उप प्रमुख डा अजित झाले सरकारले उन्नत जातका पन्छीका अण्डाहरू अनुसन्धान प्रयोजनमा ल्याउनका लागि सहज वातावरण मिलाउनुपर्ने बताए । ‘अहिले नेपालमा उन्नत जातका पन्छीका अण्डा ल्याएर यहाँ अध्ययन अनुसन्धान प्रयोजनका लागि निकै झन्झट व्यहोर्नुपरिरहेको छ,’ उनले भने, ‘कृषि मन्त्रालयले अध्ययन र अनुसन्धानका लागि आवश्यक सहजीकरण गर्न जरुरी भइसकेको छ ।’

कृषि मन्त्री परियारले शनिबार साल्ट ट्रेडिङ कर्पोरेसन, कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय वीरगंजसँग मौज्दात रहेको रासायनिक मल तथा नुनको उपलब्धताको विषयमा जानकारी लिएका थिए । त्यसैगरी, मन्त्री परियारले राष्ट्रिय उखुबाली अनुसन्धान कार्यक्रम, बाराको फत्तेपुरका उखु कृषक, जीतपुर सीमरा उमहानगर वडा नं ८ का उखु किसान, बाराको कोल्हवीका माछापालक कृषक, निजगढका केराखेती गर्ने किसानलगायतसँग छलफल तथा अन्तक्रिरया कार्यक्रम गरेका थिए ।

# बर्दिबासमा सार्वजनिक सेवा प्रसारण नेपालको प्रथम वार्षिकोत्सव

**जनकपुरधाम ।**
सार्वजनिक सेवा प्रसारण नेपालको प्रथम वार्षिकोत्सव रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय मधेश प्रदेश बर्दिबासले विभिन्न कार्यक्रमसहित मनाएको छ ।

प्रादेशिक प्रसारण कार्यालयमा आयोजना गरिएको शुभकामना आदान प्रदान कार्यक्रममा सहभागी वक्ताहरूले प्रादेशिक प्रसारण सेवाको मर्म अनुसार अगाडी बढ्नका लागि व्यवस्थापन पक्षलाई सुझाव दिए ।

कार्यक्रममा विश्वका धेरै देशहरूमा सार्वजनिक सेवा प्रसारणको अभ्यास रहेको बताउँदै सोही अनुसारको अभ्यास नेपालमा हुनु पर्ने र सार्वजनिक सेवा प्रसारणका लागि सरकारले एकमुष्ट रुपमा बजेटको व्यवस्थापन रातो किताबमा नै गर्नु पर्ने धारणा राखे ।

प्रादेशिक प्रसारण कार्यालय बर्दिबासका कार्यालय प्रमुख रामपुकार रामले सार्वजनिक सेवा प्रसारण नेपाल बनेको एक वर्ष भएपनि कर्मचारीहरूले यसको अनुभूति गर्न नपाए पनि अगामी दिनमा दुवै संस्थाको हित हुने गरि काम हुने आशा व्यक्त गरे ।

उनले सार्वजनिक सेवा प्रसारण नेपालको नामले नै यो जनताको संस्था भएकाले यसका प्रसारण सामाग्रीहरू जनता केन्द्रित हुन जरुरी रहेको बताए ।

सेवा निवृत्त कर्मचारीका तर्फबाट पूर्व वरिष्ठ प्राविधिक अधिकृत महानन्द यादवले सेवा निवृत्त कर्मचारीहरूले पाउनु पर्ने पेन्सन समयमा नै प्रदान गर्नका लागि व्यवस्थापन पक्षसँग आग्रह गरे ।

सार्वजनिक सेवा प्रसारण नेपाल नेपालको प्रादेशिक प्रसारण कार्यालय मधेश प्रदेशका समाचार संयोजक अरविन्द मिश्रले सार्वजनिक सेवा प्रसारण नेपालका नेतृत्वले संस्थाको सुधारका लागि सकारात्मक शोच सहित काम गर्न चाहेको बताए ।

महिला तथा करार कर्मचारीको तर्फबाट भोजपुरी समाचारका समाचार बाचिका नम्रता कर्णले करारका कर्मचारीहरूको समस्या तथा सेवा निवृत्त भएपछि संस्थाबाट पाउनु पर्ने सुविधाका विषयमा व्यवस्थापन पक्षको ध्यानाकर्षण गरे ।

सम्पादकीय

# मधेशको मुख्यमन्त्रीमा देखिएको राजनीतिक छिनाझप्टी

मधेश प्रदेशका मुख्यमन्त्री जितेन्द्र सोनलले राजीनामा दिएपछि प्रदेशको राजनीति तातिएको छ। सोनलको राजीनामापछि नयाँ सरकार गठनका लागि दलहरूबीच भेटघाट र शक्ति समीकरणको कसरत तीव्र देखिएको छ। आइतबार बिहान मुख्यमन्त्री सोनल टोलीसहित प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारी भेट्न प्रदेश प्रमुखको कार्यालय पुगेका थिए।

त्यस्तै, विपक्षी दल नेपाली कांग्रेस सहितका नेताहरू पनि सक्रिय रूपमा राजनीतिक छलफलमा जुटेका छन्। तर संविधानको कुन धारा बमोजिम नयाँ सरकार गठन गर्ने भन्ने विषयमा अन्यौलता देखिएको छ। यही कारण प्रदेश प्रमुखले हालसम्म नयाँ सरकार गठनका लागि आह्वान गर्न सकेकी छैनन्। मुख्यमन्त्री सोनललाई असोज २९ गते पाँच दलको समर्थनमा नियुक्त गरिएको थियो।

संविधान अनुसार मुख्यमन्त्रीले ३० दिनभित्र विश्वासको मत लिनुपर्ने व्यवस्था भए पनि मत पाउने सम्भावना नदेखिएपछि उनले शनिबार विश्वासको मत माग्न आह्वान गरिएको बैठकमै राजीनामा दिएका थिए। अब प्रदेशमा कुन धाराअन्तर्गत नयाँ सरकार गठन गर्ने भन्ने विषयमा दलहरूबीच परामर्श जारी छ र प्रदेश प्रमुखको कार्यालयमा राजनीतिक गतिविधि झन् तीव्र बनेको छ।

आइतबार साँझ पुनः नेपाली कांग्रेससहितको समर्थनमा सोनलले नै मुख्यमन्त्रीमा दाबी गर्ने गरी प्रदेश प्रमुखकहाँ जाने निधो भएको छ। शनिबार नेकपा माओवादी केन्द्रका दुई सांसदले गरेको विद्रोहले मुख्यमन्त्रीमा राजीनामा दिन बाध्य पारिएका सोनलकै पक्षमा नेपाली कांग्रेस उभिए उनी मुख्यमन्त्री हुनेछन्। ठूलो दलको हिसाबले नेकपा एमालेको दाबी छ। उसो त ७ वर्ष सत्ता चलाएको जसपा नेपाल पनि कांग्रेसको समर्थनमा सरकारमा जाने तयारीमा छलफल गरिरहेको छ।

# सुरक्षण मुद्रण केन्द्रको सञ्चालनपछि अर्बौंको बचत

राजकुमार पराजुली



काभ्रेपलाञ्चोकको पनौती नगरपालिका–५ मा रहेको सुरक्षण मुद्रण केन्द्र (सेक्युरिटी प्रिन्टिङ प्रेस)लाई आगामी छ महिनाभित्र पूर्ण रुपमा सञ्चालनमा ल्याउने तयारी भइरहेको छ। केन्द्रले लक्ष्यअनुसारको योजना सफल भए यस अवधिभित्र नौ प्रकारको कागजमा आधारित सेवा उपलब्ध गराउन सक्ने जनाएको हो।

हालसम्म केन्द्रमा व्यवस्थित गरिएका अन्तःशुल्क स्टिकरलगायत छपाइका मेसिनहरु पुनःप्रयोगमा ल्याउन सरसफाइ एवम् जडान गरी पूर्ण रुपमा सञ्चालनमा ल्याउन छ महिना लाग्ने जनाइएको छ। कतिपय मेसिन सञ्चालनमा ल्याउन विदेशबाट समेत जनशक्ति ल्याउनुपर्ने भएको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गतको सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशक देवराज ढुङ्गानाले जानकारी दिए। उनका अनुसार केन्द्र पूर्ण रुपमा सञ्चालनमा ल्याउन सकिए नागरिकता, अन्तःशुल्क स्टिकर, लालपुर्जा, हुलाक टिकट, भिसा स्टिकरलगायत नौ प्रकारका कागजमा आधारित सेवा उपलब्ध गराउन सकिनेछ। 'कागजात, कार्ड र बैंक नोटमा आधारित सेवाका लागि केन्द्रले अलगअलग योजना निर्माण गरिरहेको छ,' ढुङ्गानाले भने।

केन्द्रमा हालसम्म भौतिक निर्माणलगायत उपकरण व्यवस्थापनमा तीन अर्ब रुपैयाँ भन्दा धेरै लगानी भइसकेको जनाइएको छ। ढुङ्गानाका अनुसार केन्द्रमा ५० करोड रुपैयाँका मेसिन जडान गरिसकिएको छ। जनशक्ति तथा उपकरण व्यवस्थापन गर्न सकिए केन्द्र ११ प्रकारका सेवा उपलब्ध गराउन सक्षम रहेको ढुङ्गानाको भनाइ छ। उनले भने, 'खरिद नियमावली १४ औं संशोधनले अवरुद्ध ठेक्काका लागि खुला भएको छ भने केन्द्रभित्रका सातवटा ठेक्का पनि भएका छन्, केन्द्रलाई नियमितता दिन सकिए छपाइका नाममा नेपाल सरकारबाट विदेसिने अर्बौं रकम जोगिने छ।'

यसैबीच केन्द्रमा शुक्रबारदेखि सवारी चालक अनुमतिपत्र (लाइसेन्स) छाप्न शुरु गरिएको छ। सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले गत शुक्रबार केन्द्रमा रहेको मेसिनबाट छपाइ शुभारम्भ गरेका छन्। खरेलले कानूनी उल्झन र विविध कठिनाइका बाबजुद आवश्यक प्रबन्ध मिलाएर लाइसेन्स छपाइ शुरु गरिएको बताएका थिए। हाल २८ लाख ड्राइभिङ लाइसेन्स छाप्नुपर्ने अवस्था रहेको मन्त्री खरेलको भनाइ थियो। उनले भने, 'लाइसेन्स, राहदानी, राष्ट्रिय परिचयपत्रलगायतका छपाइ सधैँ विदेशी कम्पनीलाई ठेक्का दिएर छाप्ने गरिएको अवस्थामा पूर्वाधार र स्रोतसाधन भएर पनि छपाइ गर्न नसकिएको अवस्थामा नीतिगत सुधार गरेर लाइसेन्स छपाइ शुरु गरियो।' उनले वर्षौंदेखि केन्द्रअन्तर्गतका मेसिन यतिकै थन्किएर पार्टपूर्जा सबै धुलाम्मे भई खण्डहरजस्तो बनेको केन्द्र धुलो टकटक्याएर छपाइ थालेको बताए।

पहिलो चरणमा १२ लाख प्रति लाइसेन्स छपाइको सम्झौता भएअनुरुप शुक्रबारदेखि काम शुरु गरिएको केन्द्रले जनाएको छ। शुरुका दिनमा दैनिक ५०० छाप्ने र यसको मात्रा बढाउँदै लगिने कार्यकारी निर्देशक ढुङ्गानाले जानकारी दिए। उनका अनुसार आगामी पाँच वर्षभित्र केन्द्रबाट सरकारलाई वार्षिक लगानीको २३ दशमलव ७४ प्रतिशत मुनाफा दिन सकिनेछ। सरकारले सुरक्षण मुद्रण केन्द्रसम्बन्धी ऐन २०८१ जारी गरिसकेको छ। तत्कालीन सरकारको ३३ अर्ब रुपैयाँ लगानी गर्ने महत्वकांक्षी योजनालाई रु आठ अर्बमा सीमित गरिएको उनले बताए। केन्द्रका अनुसार ६२ कर्मचारीको दरबन्दी स्वीकृत गरिएको छ।

यसअघि २०८१ चैतमा बजेट अभावमा केन्द्रको भौतिक निर्माणलगायत अन्य व्यवस्थापनको काम रोकिएको थियो। त्यतिबेला केन्द्र परिसरमा निर्माणाधीन बहुउद्देश्यीय भवन अन्तिम चरणमा पुगे पनि रङरोगन र झ्याल–ढोका हाल्ने कामसमेत रोकिएको थियो। सूचना–प्रविधि पार्क (आइटी पार्क)का लागि निर्माण गरिएका भौतिक पूर्वाधार प्रयोगविहीन अवस्थामा रहेपछि सोही पार्कलाई केही वर्षअघि मात्रै केन्द्रमा परिणत गरिएको हो। एक वर्षअघिसम्म केन्द्रको मुख्य भवनको अग्रभाग भने पुनः सजावट कार्य सकिएर केन्द्रमा आवश्यक गोदामघरलगायत पूर्वाधार निर्माण, उपकरण खरिद तथा भएका भवनको मर्मतसम्भारको काम हुँदै आएको थियो।

एक वर्षअघि निर्माण सम्पन्न ५० मिटर लम्बाई र २५ मिटर चौडाइ क्षेत्रफलमा निर्माण भएको गोदाम भवनमा सुरक्षित छपाइका कागज, मसी तथा अन्य कच्चा पदार्थ लामो समयसम्म भण्डारण गर्न सकिने जनाइएको छ। उक्त भवनमा कच्चा पदार्थ र उत्पादित सुरक्षित मुद्रण भण्डारण गर्दा 'पेपर स्रिन्क' हुनबाट बच्ने र मसी सुकेर जाने समस्या रहने छैन। बहुउद्देश्यीय भवन भूकम्पप्रतिरोधी, आगोबाट असर नगर्ने 'स्टिल ट्रस सिष्टम' गुणस्तरमा निर्माण भएको हो। भवनमा सुरक्षित मुद्रणको उपकरण जडान गर्नसमेत सकिने जनाइएको छ।

केन्द्रमा यसअघि इराकबाट ल्याइएका दुई उच्च सुरक्षित डिजिटल मेसिनबाट अन्तःशुल्क स्टिकरको नमूना छपाइ गरिएको थियो। हाल जडित दुई मेसिनबाट वार्षिक ६० करोड अन्तःशुल्क 'स्टिकर' छाप्न सकिनेछ। अघिल्लो आर्थिक वर्षको ७३ करोड रुपैयाँ बजेटबाट मेसिन तथा केही सूचना–प्रविधिका सामग्री खरीद गरिएको थियो। केन्द्रमा एक थान 'डाई कटिङ मेसिन' रहेको छभने अन्य तीन थान मेसिन जडान कार्य गरिए पनि सञ्चालन भएका थिएनन्। प्रशासनिक प्रक्रियापछि अन्य मेसिन ल्याएर जनशक्ति र कच्चा पदार्थ व्यवस्थापनपछि आगामी छ महिनाभित्र पूर्ण रुपमा सञ्चालन गर्न केन्द्रले तयारी थालेको हो।

केन्द्रको भौतिक पूर्वाधार निर्माणका लागि चार वर्षअघि प्रारम्भिक बजेट विनियोजन भई आइटी पार्कमा प्रेसको काम शुरु गरिएको हो। तत्कालीन सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुलप्रसाद बाँस्कोटाले प्रेस स्थानार्थ पनौती नपा–५ स्थित प्रयोगविहीन अवस्थामा रहेका उक्त पार्क छनोट गरी निर्णय गर्नुभएको थियो। प्रेसको काम थाल्न आर्थिक वर्ष २०७६–७७ मा एक अर्ब नौ करोड रुपैयाँ बजेट विनियोजन भई कामको शुरुआत गरिएको थियो। त्यतिबेला केन्द्रमा राहदानी, बैंक नोट, चालक अनुमतिपत्र, स्मार्टकार्ड, हुलाक टिकट, अन्तःशुल्क स्टिकर, सिमकार्डलगायत सुरक्षित छपाइका लागि पार्कमा केन्द्र स्थापना गर्ने निर्णय गरिएको थियो।

प्रेस निर्माणार्थ आवश्यक भवनलगायत भौतिक संरचनाका लागि जमिन मिलाउने, पर्खाल निर्माण तथा पार्कभित्रै भवनमा पहुँचमार्ग निर्माणको काम सम्पन्न भएको छ। खानेपानीका लागि एक–एक लाख लिटरका दुई वटा खानेपानीका ट्याङ्की निर्माण, छापाखानाका लागि आवश्यक पर्ने चार ठूला जेनेरेटर जडान तथा सञ्चालन गर्ने इन्धन भण्डारका लागि तीन लाख लिटर क्षमताको भूमिगत डिजेल ट्याङ्की निर्माण भएका छन्।

प्रेस सञ्चालनमा आएपछि सुरक्षित मुद्रणबापत नेपालबाट वार्षिक रुपमा बाहिरिने १० अर्ब रुपैयाँ जोगिन अपेक्षा गरिएको छ। केन्द्रका लागि २०० प्राविधिकसहित करिब एक हजार जनशक्तिको आवश्यकता पर्ने बताइन्छ। तत्कालीन सरकारले सरकारले सुरक्षण मुद्रणलाई तीन चरणमा विकास गर्न दुई वर्षअघि कार्यमूलक एवम् नतिजामूलक गुरुयोजना तयार पारेको थियो। सोहीअनुरुप पहिलो चरणमा नेपाललाई पाँच वर्षभित्र आत्मनिर्भर बनाउने, दोस्रो चरणमा आगामी दश वर्षभित्र सुरक्षण मुद्रणसम्बन्धी विश्वसनीय सेवा र गुणस्तरीय सुरक्षण वस्तु सार्क र दक्षिण–पूर्वी एसियाका राष्ट्रहरुलाई उपलब्ध गराउने छ। साथै, तेस्रो चरणमा भने आगामी १५ वर्षभित्र सुरक्षण मुद्रणसम्बन्धी विश्वसनीय सेवा र गुणस्तरयुक्त सुरक्षण वस्तु अन्य बाँकी तेस्रो मुलुकमा उपलब्ध गराउने रणनीति तय गरेको हो।

विसं २०५७ मा निर्माण शुरु गरिएको उक्त आइटी पार्क निर्माण कार्य सम्पन्न भई २०६१ मा नेपाल सरकारलाई हस्तान्तरण गरिएको थियो। कूल २५७ रोपनी जमिनमा अवस्थित पार्कभित्र दुई वटा ठूला व्यापारिक–प्रशासनिक भवन तथा चार सुविधा सम्पन्न आवासीय भवनलगायत नौ भवन छन्। तत्कालीन समयमा दक्षिण एसियामै नमूना र ठूलो मानिएको यो पार्क सञ्चालनमा ल्याउन नसक्दा पार्क जीर्ण अवस्थामा पुगेको थियो। प्रयोगविहीन अवस्थामा रहँदा उक्त पार्कमा यसअघि चलचित्रको छायाङ्कन, जिल्लाका राजनीतिक तथा अन्य कार्यक्रम हुँदै आएका थिए। यसबीचमा केही सूचना–प्रविधिका संस्थाले पार्कमा बसेर काम थाले पनि छोटो समयमै छाडेर जाने गर्दथे। रासस

# फेवातालस्थित तालबाराही मन्दिर पुनर्निर्माण अन्तिम चरणमा

ऋषिराम बराल

पोखराको लेकसाइडस्थित फेवातालको मध्यभागमा अवस्थित वाराही भगवती मन्दिर पुनर्निर्माण अन्तिम चरणमा पुगेको छ। मन्दिरमा पूजाआजा र दर्शन गर्न भक्तजन दैनिक भीड लाग्ने गर्छ।

विसं २०७२ को विनाशकारी भूकम्पले उक्त मन्दिर तीन इन्च दक्षिणतर्फ कोल्टिएपछि पुनर्निर्माण थालनी गरिएको थियो। मन्दिरको पुनर्निर्माण ८० प्रतिशत सकिएको जानकारी तालवाराही मन्दिर गुठी व्यवस्थापन समितिका अध्यक्ष परशुराम पहारीले दिए। पोखरा उपत्यकामा रहेको यो ताल आन्तरिक तथा बाह्य पर्यटकमाझ लोकप्रिय छ।

उनले फेवातालको मध्यभागको ढिस्कोमा मन्दिर रहेकै कारण मन्दिर ढल्कँदा झनै जोखिम सृजना भएकाले पुनर्निर्माण गर्नुपरेको बिताए। जोखिम बढ्दै गएपछि ढल्किएको मन्दिर पुनर्निर्माणका लागि बाराही मन्दिर गुठी व्यवस्थापन समिति र पुरातत्व विभागले पुनर्निर्माणका लागि काम अगाडि बढाएको हो।

भूकम्पकै कारण मन्दिर छेउमा रहेका दुई गोदाम कोठाको दक्षिणतर्फको भाग दबेपछि केही वर्ष पहिले नै ती कोठा हटाइसकिएको थियो। विसं २०१७ मा तत्कालीन राजा महेन्द्रले अहिलेको स्वरुपमा मन्दिर निर्माण गरेका थिए। पोखराको लेकसाइड आउने पर्यटकको मुख्य गन्तव्यका रूपमा फेवातालको मध्यभागमा अवस्थित तालवाराही मन्दिर रहने गर्छ।

पुरातत्व विभागको प्रत्यक्ष संलग्नतामा मन्दिर पुनर्निर्माण गर्न लागिएको हो। मन्दिर पुनर्निर्माण सम्पन्न गर्न एक करोड ८४ लाख रुपैयाँ लाग्ने जानकारी अध्यक्ष पहारीले दिए। प्यागोडा शैलीमै कालिगढ भक्तपुर र ललितपुरबाट मगाएर वर्तमान स्वरुपमै मन्दिर पुनर्निर्माण गर्न लागिएको हो। मन्दिर पुनर्निर्माण गर्न पुरातत्व विभागले छ लाख रुपैयाँ दिएको छभने अन्य रकम तालवाराही मन्दिर गुठी व्यवस्थापन समितिको कोषबाट र भक्तजनबाट सहयोग जुटाएर पुनर्निर्माण सम्पन्न गरिनेछ।

पुनर्निर्माण एक वर्षभित्र सक्ने भनिएको भए तापनि विविध कारणले पुनर्निर्माण सम्पन्न गर्न दुई वर्ष लागेको छ। तालवाराही मन्दिर गुठी व्यवस्थापन समितिका कोषाध्यक्ष निर्मल खत्रीका अनुसार आउँदो वैशाखभित्र सर्वसाधारण भक्तजनले दर्शन र पूजाआजा गर्न सक्नेगरी पुनर्निर्माण सक्नेगरी तयारी गरिएको छ। मुख्य काम मन्दिरको छानो छाउने र वरपरको रेलिङ निर्माण बाँकी छ।

कास्कीका तत्कालीन राजा कुलमण्डन शाहले सर्वप्रथम खरको झुप्रो बनाइ मन्दिर स्थापना गरेको बताइन्छ। यस मन्दिरको अस्तित्व १६६९ सालदेखि कायम रहिआएको छ। कतैकतै १४४७ सालदेखि अस्तित्वमा रहेको भन्ने अभिलेख पनि पाइन्छ। प्राचीनकालमा माटोको ढिस्कामा एउटा शिला थियो त्यहीं मन्दिर स्थापना गरी वाराहीका रूपमा पुजिन थालिएको मन्दिरका पुजारी उमेश पहारीले सुनाए।

पर्यटकीय नगरी पोखरास्थित यो मन्दिर कास्कीका घुम्नैपर्ने ठाउँको सूचीमा अग्रपङ्क्तिमा आउँछ। यसकारण मन्दिरमा पर्यटकको घुइँचो लागिरहन्छ। माछापुच्छे हिमालको छायाँ फेवातालमा परेको मन्दिरबाट मनोरम दृश्य देख्नुका साथै पर्यटकीय गन्तव्य सराङकोट, पुम्दीकोट, कास्कीकोट दरबारलगायतका स्थान यहाँबाट देख्न सकिन्छ। कोजाग्रत पूर्णिमालगायत अन्य धार्मिक पर्वमा यहाँ मेला लाग्छ, पुजारी पहारीले भने।

**यस्तो छ किंवदन्ती**

स्थानीय अग्रज ८० वर्षीय रमेशबहादुर भट्टराईका अनुसार परापूर्वकालमा फेवाताल भएको ठाउँमा बस्ती रहेको र एक दिन बेलुका एक वृद्ध जोगी बास माग्दै त्यस बस्तीमा आए, कसैले बास नदिएपछि उनी एक वृद्धाकामा पुगे। वृद्धाले बास बस्न दिइन्। तर खान भने ढुटोको रोटीमात्र भएको सुनाइन्। वृद्ध जोगी तयार भएर त्यही खाएर सुते। घरबाहिरै सुतेका जोगीले बिहान हिंड्नु अगाडि वृद्धालाई भने, 'यो गाउँ चाँडै जलमग्न हुनेछ। तपाईं भने अग्लो ठाउँमा चाँडै जानु।' जोगी हिंडेको केही समयमा आवाज आयो। आवाजसँगै पानी बढेर आयो। बस्तीमा पानी आउन थाल्यो। जोगीको सल्लाहअनुसार वृद्धा अग्लो ठाउँमा गएर बाँचिन्। फेरि एक दिन विशाल वर्षा आयो। वर्षापछिको डुबानले मूर्ति बगाएर अहिलेको मन्दिर भएको ठाउँमा ल्यायो। तालको बीचमा टापु बनेको र त्यहीँ मन्दिर स्थापना गरिएको इतिहास पनि निकै रोचक छ।

फेवाताल २३ दशमलव ३० मिटर गहिराइ र चार दशमलव ४६ किलोमिटर लम्बाइ तथा दुई किलोमिटर चौडाइको छ। त्यही तालको मध्यभागमा अवस्थित पुरानो मन्दिर तालवाराही भगवतीको पूजाआजाको प्रारम्भ १४६७ सालबाट भएको हो भने १८६८ सालबाट नित्य पूजाआजा शुरु भएको जानकारी मन्दिरका सूचना अधिकारी राजेन्द्र खत्रीले दिए।

सामान्य अवस्थामा रहेको मन्दिरलाई झुप्रोबाट उठाउन तत्कालीन राजा महेन्द्रले २०१७ सालमा शुरु गरेका थिए। विसं २०१७ मा राजा महेन्द्रले अहिलेको स्वरुपमा मन्दिर निर्माण गरिदिएपछि यसले थप चर्चा पाउन थालेको हो। मन्दिर व्यवस्थापन समितिको स्थापना भने २०५३ सालमा आएरमात्र भएको थियो। हिक्मतबहादुर कुँवरको नेतृत्वमा प्रथम व्यवस्थापन समिति बनेको थियो। तालको किनारबाट पाँच मिनेटभित्रै डुङ्गा चढेर बाराही मन्दिरसम्म पुग्न सकिन्छ। प्राकृतिक मनोरम दृश्यले यहाँ पुग्ने जोकोहीलाई आनन्दित तुल्याउनुका साथै तालबाराहीको दर्शन गरेपछि चिताएको पुग्ने धार्मिक विश्वासले पनि सबैलाई आकर्षित गरेको छ।

कुल तीन रोपनी आठ आना दुई दाम क्षेत्रफलमा फैलिएको यस मन्दिरको संरक्षण एवम् पूर्वाधार विकासमा तालबाराही मन्दिर संरक्षण र गुठी व्यवस्थापन समिति क्रियाशील रहँदै आएको छ। तालको बीचमा मन्दिर अवस्थित छ भन्ने सुनेर पनि टाढाटाढाबाट दर्शनार्थी फेवाताल आउने गरेको जानकारी पोखरा महानगरपालिका–६ का वडाध्यक्ष विष्णुबहादुर भट्टराईले बताए।

तालमा देखिने माछापुच्छ्रे हिमालको छायाँ र मन्दिर परिसरबाट देखिने हिमाली श्रृंखला, सराङकोट, विश्व शान्ति स्तूपजस्ता सम्पदाले पर्यटकलाई लोभ्याउने गरेको उनले बताए। मन्दिर गुठीका नाउँमा खेत र केही रोपनी जङ्गलसमेत रहेको छ।

# सार्वजनिक प्रसारण विश्वसनीय र प्रभावकारी बनाइनुपर्छः सञ्चारमन्त्री



**काठमाडौँ ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले सार्वजनिक प्रसारणलाई गुणस्तरीय, विश्वसनीय तथा प्रभावकारी बनाइनुपर्नेमा जोड दिएका छन् ।
सिंहदरबारमा आइतबार सार्वजनिक सेवा प्रसारण (पिएसबी) नेपालको प्रथम वार्षिकोत्सव एवम् सार्वजनिक सेवा प्रसारण तथा 'एनटिभी वर्ल्ड' को शुभारम्भ समारोहमा उनले पिएसबीमार्फत दिइने विषयवस्तु प्रभावकारी हुनुपर्ने बताए ।
सञ्चारमन्त्रीले भने, 'पिएसबीको नारा 'जष्टिफाई' हुन जरुरी छ । यसले प्रस्तुत गर्ने सामग्रीमा नवीनता र सिर्जनशीलता झल्कनुपर्छ । पिएसबीमा जनताको सहज पहुँच सुनिश्चित गर्नुपर्छ ।' उनले विविध चुनौतीकाबीच पिएसबीको शुरुआत भएको भन्दै यसको दिगोपना र कन्टेन्ट विविधतामा जोड दिए ।
विदेशमा बसोबास गर्ने नेपाली तथा विदेशीको दृष्टिमा राष्ट्रको पहिचान र गौरव झल्कने सामग्री पिएसबीले समेट्न जरुरी भएको बताए ।
मन्त्री खरेलले नेपालमा मात्र नभई विश्वभर आमसञ्चारका माध्यम चुनौतीपूर्ण अवस्थामा रहेका भन्दै पिएसबीलाई 'मोबाइल डिजिटल प्लेटफर्म' मार्फत रेडियो र टिभीका दर्शकस्रोता बढाउने गरी प्रसारण हुनुपर्नेमा जोड दिए ।
'हिजोको जस्तो भित्तामा टेलिभिजन राखेरर चल्दैन । बदलिँदो समय र प्रविधि तथा उपकरणअनुरुप अब सुधार गर्नैपर्छ । एनटिभीका पाँचवटै च्यानलमार्फत जनताको विश्वास जित्ने, 'लाइक, भिवरसीप' बढाउनुपर्छ । निजी क्षेत्रसँग प्रतिस्पर्धी पनि हुनुपर्छ', उनले भने ।
कार्यक्रममा मन्त्री खरेलले पछिल्लो समय आमसञ्चारमाध्यमलाई टिक्न कठिन भएको, प्रविधि र जनशक्ति व्यवस्थापन गरेर व्यावसायिक बन्न विविध चुनौती थपिँदै आमसञ्चारको दिगोपना र व्यवसायीकीकरणका निम्ति सरकारले आवश्यक सहजीकरण गर्ने विश्वास व्यक्त गरे ।रासस

# प्रधानमन्त्रीसमक्ष केसीको ज्ञापनपत्र



**काठमाडौँ ।**
प्रधानमन्त्री सुशीला कार्कीसमक्ष चिकित्सा शिक्षा सुधारको माग राख्दै डा गोविन्द केसीले दशबुँदे ज्ञापनपत्र बुझाएका छन् ।
प्रधानमन्त्री कार्कीलाई सिंहदरबारमा आइतबार भेटेर डा केसीले ज्ञापनपत्र बुझाउनुभएको प्रधानमन्त्रीका प्रेस संयोजक रामबहादुर रावलले जानकारी दिए । ज्ञापनपत्र बुझ्ने क्रममा प्रधानमन्त्री कार्कीसहित गृहमन्त्री ओमप्रकाश अर्याल, शिक्षामन्त्री महावीर पुन, स्वास्थ्यमन्त्री डा सुधा गौतम तथा चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष डा अञ्जनी झा र डा केसीसँगै चिकित्सा शिक्षा आयोगका पूर्वउपाध्यक्ष श्रीकृष्ण गिरी तथा प्राडा जगदीशप्रसाद अग्रवाल सहभागी थिए ।
ज्ञापनपत्रमा सरकारी अस्पताल तथा स्वास्थ सेवा संस्थाहरूमा अहिलेको आवश्यकताअनुसार जनशक्ति दरबन्दी वृद्धि गर्ने, चिकित्सकलगायत स्वास्थ्यकर्मीको रोजगारीका अवसर सिर्जना गर्नुपर्ने माग रहेका छन् ।रासस

# स्थान हद नतोक्न र शान्तिपूर्ण प्रदर्शनमा रोक नलगाउन अध्यक्ष ओलीको आग्रह

**काठमाडौँ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले आफूलाई स्थान हद तोक्ने, राहदानी रोक्का गर्ने र युवा सङ्घलाई शान्तिपूर्ण प्रदर्शनमा रोक नलगाउन आग्रह गरेका छन्।
राष्ट्रिय युवा सङ्घको केन्द्रीय कमिटीको तेस्रो बैठकलाई आइतबार सम्बोधन गर्दै पूर्वप्रधानमन्त्री ओलीले आफूहरुले लोकतन्त्रका लागि लडेर ल्याएका हक अधिकारलाई उपभोग गर्न पाउनुपर्ने माग गरे । प्रशासन र प्रहरीलाई पूर्वजानकारी दिएर शान्तिपूर्ण प्रदर्शन गर्न अनुमति दिइनुपर्ने उनको भनाइ थियो ।'हामी कुनै घुसपैठिया शक्ति होइनौँ । राजनीतिक परिवर्तनको लामो इतिहास बोकेर आएका शक्ति हौँ । त्यसकारण हामीविरुद्ध सरकारले संविधानविपरीत विरोध प्रदर्शनमा रोक लगाउने काम गर्नु हुँदैन,' अध्यक्ष ओलीले भने। उनले उद्योगीहरुलाई ढुक्क भएर काम गर्न आग्रह गरे। आपराधिक गतिविधिमा संलग्न जो कोहीलाई पनि कारबाही गर्नुपर्नेमा उनले जोड दिए। अध्यक्ष ओलीले संविधानअनुसार प्रतिनिधि सभा पुनःस्थापनाका लागि सरकारले अनुमति नदिएपनि सडक प्रदर्शनमा उत्रन सचेत गराएका हुन्।
आइतबार काठमाडौँमा आयोजित राष्ट्रिय युवा संघ नेपालको केन्द्रिय कमिटी बैठकमा बोल्दै उनले जायज माग राखेर शान्तिपूर्ण प्रदर्शनमा उत्रिने भएकाले सरकारले अनुमति नदिएपनि केही फरक नपर्ने जिकिर गरे।
अध्यक्ष ओलीले प्रदर्शनका लागि सरकारलाई जानकारी दिन युवाहरूले सक्ने भएपनि स्वीकृति नभएपनि नडराई प्रदर्शनमा उत्रनुपर्ने बताए। उनले संविधानले शान्तिपूर्ण प्रदर्शन गर्न दिएकाले त्यसमा रोक लगाउने अधिकार कसैलाई पनि नभएको बताए।
अध्यक्ष ओलीले भने, 'युवाहरूले सरकारलाई यो कुरा भन्न लजाउनु पनि पर्दैन, डराउनुपनि पर्दैन । धक मान्नु पनि पर्दैन खुलेर भन्नुस्–शान्तिपूर्ण प्रदर्शन हाम्रो अधिकार हो। हामी नाजायज विरोध गर्दैनौं। जायज विरोध हाम्रो अधिकार हो भन्नुस् । र प्रदर्शनमा जानकारी दिनुहोस् । प्रशासनलाई जानकारी दिनुहोस्। हामीलाई लुकेर गर्नु छैन। जानकारी दिनुस्। अहिले पनि हामी यसरी गर्दै छौ स्वीकृति दिनुस् भनेर भन्नुस् । स्वीकृति दिनुहुन्न भने स्वीकृति चाहिँदैन, सडक उत्रनुस् । संविधान भन्दा सिडिओको आदेश माथि हुँदैन । सिडियोको आदेशले संविधान काट्दैन। के भएर बन्नुभयो प्रधानमन्त्री ? संविधानले त दिँदैन। प्रधानमन्त्री पनि असंवैधानिक, सिडियोका कुरा पनि असंवैधानिक। मन्त्रीका कुरा पनि असंवैधानिक । यस्तो हुनु हुँदैन।'
अध्यक्ष ओलीले सरकारले जेन–जी आन्दोलनका अपराधीहरूलाई कारबाहीको दायरामा ल्याउने काम नगरेको भन्दै आक्रोश समेत व्यक्त गरे।

# 'शिक्षक–प्राध्यापक राजनीतिमा भेटिए कारबाही गरिने'

**काठमाडौँ ।**
शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनले नेपाल शिक्षक महासङ्घ, प्राध्यापक र शिक्षाका निकायका कर्मचारीका सङ्गसङ्गठन गैह्रराजनीतिक चरित्रको बनाउन आह्वान गरेका छन् ।
मन्त्री पुनले आइतबार विज्ञप्ति जारी गर्दै साझा प्रकृतिको ट्रेड युनियन सङ्गठन हुनुपर्ने र उनीहरुले पेसागत हकहितका लागि सामूहिक सौदाबाजी गर्न पाउनुपर्नेमा आफू स्पष्ट भएको तर राजनीतिक दलको जनसङ्गठन तथा शुभेच्छुक संस्थामा रहेका शिक्षक–प्राध्यापक सङ्गठनलाई आफूले मान्यता नदिने बताए ।
मन्त्री पुनले आफूलाई विभिन्न माध्यमबाट प्राप्त सुझाव र गुनासोमा शिक्षक–प्राध्यापकले आचरण विपरीत राजनीतिक गतिविधिमा संलग्न भई शैक्षिक गुणस्तरमा प्रतिकूल असर परेको पाइएको विज्ञप्तिमा उल्लेख गरेका छन् ।
'आचरण विपरीत राजनीतिक गतिविधिमा संलग्न भएको पाइए कानूनबमोजिम कारबाही गरिने छ', विज्ञप्तिमा भनिएको छ ।रासस

# गृहमन्त्री अर्याल र भारतीय राजदूतबीच भेटवार्ता

**काठमाडौँ ।**
गृहमन्त्री ओमप्रकाश अर्यालसँग नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले शिष्टाचार भेटवार्ता गरेका छन् । गृहमन्त्रालयमा सोमवार भएको उक्त दुई पक्षीय भेटका क्रममा मन्त्री अर्याल र राजदूत श्रीवास्तवबीच निर्वाचनका लागि शान्तिसुरक्षाको विषयमा कुराकानी भएको गृहमन्त्रीको सचिवालयले जनाएको छ ।
सोही अवसरमा गृहमन्त्री अर्यालले देश अहिले संवेदनशील अवस्थामा रहेको उल्लेख गर्दै शान्तिसुरक्षा, सुशासन र भ्रष्टाचाररहित सेवा प्रवाह सरकारको प्रमुख प्राथमिकतामा रहेको तथा घोषणा गरिएको निर्वाचन तोकिएकै मितिमा भयरहित र शान्तिपूर्ण ढङ्गले सम्पन्न गर्न सरकार अहोरात्र लागिपरेको बताए ।
गृहमन्त्री अर्यालले नेपाल र भारतबीच कायम रहेको सम्बन्ध सधैँ निरन्तर रहने प्रष्टपारे । दुई देशबीच खुला सीमा रहेको तथ्यलाई मध्यनजर गर्दै निर्वाचन अघि र निर्वाचनको समयमा सीमा सुरक्षा व्यवस्थापनमा भारतको भूमिका महत्वपूर्ण रहने उनको भनाइ थियो ।
त्यस अवसरमा भारतीय राजदूत श्रीवास्तवले आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभाको निर्वाचन भयरहित वातावरणमा प्रभावकारी रुपमा सम्पन्न हुने विश्वास व्यक्त गरे । दुई देशबिच रहिआएको मैत्रीपूर्ण सम्बन्ध सधैँ सकारात्मक र सुमधुर ढङ्गले अघि बढ्ने उल्लेख गर्दै उनले निर्वाचन सफल बनाउन खेल्नपर्ने भूमिका लागि सधैँ सकारात्मक रहेको बताए । रासस

# ५० प्रतिशत महिला उम्मेदवार सुनिश्चितता माग



**काठमाडौँ ।**
पहिलो संविधानसभाका चार सभासद्सहितको टोलीले निर्वाचन कानूनमा ५० प्रतिशत महिला उम्मेदवार सुनिश्चित गर्नुपर्ने माग गरेका छन् ।
सभासद् रेणु चन्द, डा बिन्दा पाण्डे, अमृता थापामगर, सुनीलबाबु पन्तलगायतको टोलीले आइतबार प्रधानमन्त्री सुशीला कार्कीसँग भेट गरी प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ नै ५० प्रतिशत महिला उम्मेदवार उठाउन कानूनमा नै सुनिश्चित गर्नुपर्ने माग गरेको हो ।
सोही अवसरमा प्रधानमन्त्री कार्कीले प्रतिनिधिमण्डलले अघि सारेका मागबारे मन्त्रिमण्डलमा छलफल गर्ने आश्वासन दिनुभएको प्रधानमन्त्रीका प्रेस संयोजक रामबहादुर रावलले जानकारी दिए । उनले निर्वाचन खर्चिलो हुन नदिने उपायतर्फ पनि सोच्नुपर्ने धारणा राख्नुभएको थियो । खर्चिलो निर्वाचनका कारण पनि भ्रष्टाचार र चुनावी बेथिति बढेको उनको भनाइ थियो । संविधानले समानुपातिक समावेशीको सिद्धान्त अवलम्बन गरेको भए पनि निर्वाचन कानूनले संविधानको यो मर्म आत्मसात् गर्न नसकेकाले अध्यादेश ल्याएर भए पनि सच्याउनुपर्ने सभासद्हरुको माग छ ।
सभासद् डा पाण्डेले भनिन्, 'कानूनमा बाध्यकारी व्यवस्था नभएकाले दलहरुले प्रत्यक्ष निर्वाचन प्रणालीमा महिलालाई टिकट नै दिँदैनन् । यही कारण संसद्मा महिला प्रतिनिधित्व सन्तोषजनक हुन सकेको छैन, अब ५० प्रतिशत महिलालाई उम्मेदवार बनाउनुपर्ने अनिवार्य व्यवस्था हुनुपर्छ । त्यसभित्र दलित, जनजाति र अन्य अल्पसङ्ख्यक समुदायको पनि प्रतिनिधित्व सुनिश्चित गर्नुपर्छ ।'
प्रतिनिधिमण्डलमा अधिकारकर्मी उषाकिरण तिम्सेना, सम्झना पौडेल, प्रतीक्षा चापागाईंलगायतको सहभागिता थियो ।रासस

# नेकपा समाजको आमूल परिवर्तनको दिशामा लाग्नेछः पाण्डे



**काठमाडौँ ।**
नेपाली कम्युनिस्ट पार्टीका नेता राजेन्द्रप्रसाद पाण्डेले आफ्नो पार्टी नेपाली समाजमा आमूल परिवर्तन ल्याउने लक्ष्यसहित अघि बढेको बताएका छन् । आइतबार निर्वाचन आयोगमा दल दर्ताका लागि आवश्यक कागजात बुझाउँदै पाण्डेले जन्जी पुस्ताले उठाएका मागप्रति पूर्ण समर्थन रहेको स्पष्ट गरे ।
उनका अनुसार १० वटा कम्युनिस्ट घटकहरूको एकता मार्फत नयाँ 'नेपाली कम्युनिस्ट पार्टी' गठन गरिएको हो । तीमध्ये पाँच घटक पहिले नै आयोगमा दर्ता भइसकेका थिए । पाण्डेले भने, 'हामीले कार्तिक १९ गते दल दर्ता प्रक्रिया शुरु गरेका थियौँ । अहिले विधान, माइन्युट, घोषणा पत्रलगायत सम्पूर्ण आवश्यक कागजात आयोगमा बुझाएका छौँ ।'
उनले नयाँ पार्टीले भ्रष्टाचार र बेथितिविरुद्ध सशक्त रूपमा उभिँदै समाजको संरचनात्मक रूपान्तरणमा योगदान पु¥याउने प्रतिबद्धता जनाए । पाण्डेले भने, 'हाम्रो लक्ष्य जनताको जीवनमा रूपान्तरण ल्याउने हो, यही उद्देश्यसहित नेपाली कम्युनिस्ट पार्टीले नयाँ यात्राको शुरुवात गरेको छ ।'
उक्त वाम एकता कार्तिक १९ गते औपचारिक रूपमा नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) सहितका घटकहरूबीच सम्पन्न भएको थियो ।

# कुलमानले पार्टी खोल्ने पक्का पार्टीको नाम 'नेपाल जनसेवा पार्टी'

**काठमाडौँ ।**
अन्तरिम सरकारका ऊर्जामन्त्री कुलमान घिसिङले नयाँ राजनीतिक दल गठनको अन्तिम तयारी पूरा गरेका छन् । घिसिङको नेतृत्वमा 'नेपाल जनसेवा पार्टी' गठन हुने पक्का भएको स्रोतले जनाएको छ ।
यसअघि उनले 'उज्यालो नेपाल पार्टी' नाममा दल दर्ता गर्ने योजना बनाएका थिए, तर सो प्रस्तावमा केही नेताहरूबीच सहमति जुट्न सकेको थिएन । व्यक्तिगत छाप बढी पर्ने भन्दै अन्ततः 'नेपाल जनसेवा पार्टी' नाममा सहमति बनेको स्रोतले जानकारी दिएको छ ।
घिसिङ निकट नेताहरूका अनुसार आज र भोलिसम्म आन्तरिक छलफल पूरा गरी दल दर्ताका लागि निर्वाचन आयोगमा निवेदन दिने तयारी भइरहेको छ । नयाँ दलमा सुमना श्रेष्ठ, बालेन शाहसहितका केही चर्चित व्यक्तिहरूको समर्थन रहेको बुझिएको छ ।

# हङकङ इन्टरनेशनल सिक्सेसः नेपाल युएईसँग पराजित




**काठमाडौँ।**
हङकङमा जारी हङकङ इन्टरनेशनल सिक्सेस क्रिकेट प्रतियोगिताअन्तर्गत आइतबार भएको खेलमा नेपाल संयुक्त अरब इमिरेट्स (युएई) सँग ४३ रनले पराजित भएको छ।

युएईले प्रस्तुत गरेको एक सय ३० रनको लक्ष्य पछ्याएको नेपाल निर्धारित ६ ओभरमा ४ विकेट गुमाउँदै ८४ रनममा समेटियो । नेपालका लागि मोहमद आदिल आलमले ३२ र सन्दीप जोराले अविजित ३१ रन जोडे।

त्यसअघि पहिले ब्याटिङ गरेको युएईले निर्धारित ६ ओभरमा ५ विकेट गुमाउँदै एक सय २९ रनको योगफल बनाएको थियो। उसका लागि निलाश केसवानीले सर्वाधिक ७३ रन र जाहिद अलीले ३० रन जोडे। नेपालका लागि राशिद खानले दुई विकेट लिए भने रुपेश सिंहले एक विकेट लिए। यो हारसँगै जारी प्रतियोगितमा नेपालको यात्रा समाप्त भएको छ।

विभिन्न १२ टोली सहभागी यस प्रतियोगितामा नेपालले भारतलाई मात्र पराजित गर्न सक्यो । त्यसबाहेक सबै खेलमा नेपाल पराजित भयो। नेपाल अफगानिस्तान, दक्षिण अफ्रिका र श्रील्कासँग नेपाल पराजित भएको थियो।

**अन्तरराष्ट्रिय खेलबाट शरद भेषवाकरको सन्यास घोषणा**

नेपाली टोलीका सदस्य शरद भेषवाकरले अन्तरराष्ट्रिय क्रिकेट खेलबाट सन्यास लिएका छन् । हङकङ इन्टरनेशनल सिक्सेस प्रतियोगिताका लागि कप्तानका रुपमा हङकङ पुगेका भेषवाकरले सोही प्रतियोगिताबाट सन्यास लिने यसअघि नै जानकारी दिएका थिए।

भेषवाकरले दुई दशकभन्दा लामो समय नेपालका लागि अन्तरराष्ट्रिय क्रिकेट खेलमा उमेर समूह हुँदै राष्ट्रिय टोलीको सदस्यको रुपमा क्रिकेट खेलेका थिए । उनले सन् २००४ मा युएई विरुद्धको खेलबाट नै सिनियर राष्ट्रिय टिमबाट डेब्यू गरेका थिए । त्यसअघि उनले सन् २००२ मा नेपाली यु–१५ राष्ट्रिय टोलीबाट डेब्यु गरेका थिए। नेपालले पहिलो पटक सन् सन् २०१४ मा विश्वकप क्रिकेट खेल्दा उनी महत्वपूर्ण सदस्य रहेका थिए । त्यस्तै सन् २०१८मा नेपालले एकदिवसीय मान्यता पाउँदा पनि उनी टोलीमा थिए।रासस

# ठेकेदारको लापरबाहीले सडक निर्माण योजना अलपत्र

**बाँके।**
सडक डिभिजन कार्यालय नेपालगञ्जअन्तर्गतका चार निर्माण योजना ठेकेदार कम्पनीको लापरबाहीले अलपत्र परेका छन्।

रत्न राजमार्ग र पूर्व–पश्चिम राजमार्गमा निर्माण कार्यका लागि ठेक्का सम्झौता गरी काम नगरेका कारण योजना अलपत्र अवस्थामा रहेको सडक डिभिजन कार्यालयका प्रमुख सिनियर डिभिजन इन्जिनियर नरेन्द्रप्रसाद भट्टले जानकारी दिए।

उनका अनुसार ठेकेदार कम्पनीले तोकिएको समयावधिमा काम नगर्दा पूर्व–पश्चिम महेन्द्र राजमार्गअन्तर्गत कोहलपुर–कर्णाली खण्डमा नियमित मर्मत कार्य, साइड ड्रेन निर्माण, सडक साइट सुरक्षा र ट्राफिक सुरक्षा कार्य हुन सकेको छैन।

यस्तै रत्न राजमार्गअन्तर्गत देउराली–हर्रे खण्डमा नियमित मर्मत कार्य प्याचिङ र गमला मर्मत, रत्न राजमार्गको हातीसार–हर्रे खण्डमा विशिष्ट मर्मत कार्यको कडा फुटपाथ, संरक्षण कार्य तथा नाली निर्माण र रत्न राजमार्गको राँझा–कोहलपुर खण्डमा रमाइन स्लरी सिलसहित सडक सतहको मर्मत गर्ने ठेक्का अलपत्र अवस्थामा रहेको छ।

यसैगरी, कोहलपुर–कर्णाली खण्डमा नियमित मर्मत कार्यअन्तर्गत साइड ड्रेन निर्माण, सडक साइड सुरक्षा र ट्राफिक सुरक्षा कार्यको ठेक्का सम्झौता गरेको बाँकेको एसएस निर्माण सेवा प्राली, रत्न राजमार्गको देउराली–हर्रे खण्डमा नियमित मर्मत कार्यअन्तर्गत प्याचिङ र गमला मर्मतको ठेक्का सम्झौता गरेको मुगुको गगन निर्माण सेवा, रत्न राजमार्गको हातीसार–हर्रे खण्डमा विशिष्ट मर्मत कार्यअन्तर्गत कडा फुटपाथ, संरक्षण कार्य र नाली निर्माणको ठेक्का सम्झौता गरेको जाजरकोटको थापा कन्स्ट्रक्सन सेवा तथा रत्न राजमार्गको राँझा–कोहलपुर खण्डमा रमाइन स्लरी सिलसहित सडक सतहको मर्मत गर्ने ठेक्का चितवन भरतपुरको सविक निर्माण सेवासँग सम्झौता भएको सडक डिभिजन कार्यालयका सूचना अधिकारी इञ्जिनियर रामसागर हरिजनले जानकारी दिए।

समयमै निर्माण कार्य नगरी योजना अलपत्र पार्ने ठेकेदार कम्पनीसँग सडक डिभिजनले सम्झौता रद्द गर्ने प्रक्रिया सुरु गरेको छ । रत्न राजमार्ग र पूर्व–पश्चिम राजमार्गमा निर्माण कार्यका लागि ठेक्का सम्झौता गरी काम नगरेका कारण चार ठेकेदार कम्पनीको ठेक्का सम्झौता रद्द गर्न लागिएको सूचना अधिकारी इञ्जिनियर हरिजनले बताए।

सडक डिभिजन कार्यालयले सार्वजनिक सूचना जारी गर्दै सडक निर्माण आयोजनामा तोकिएको समयसीमाभित्र काम नगरेका ठेकेदार कम्पनीलाई कारण देखाउन आग्रह गरेको हो । सडक डिभिजन कार्यालयका अनुसार यी आयोजनाका लागि ठेक्का सम्झौता भएर पनि काममा ढिलाइ भएकाले प्राविधिक तथा प्रशासनिक ढिलाइबारे स्पष्टीकरण मागिएको हो।

सडक डिभिजन कार्यालयका प्रमुख सिनियर डिभिजन इञ्जिनियर भट्टले तोकिएको समयसीमा नमान्ने कम्पनीविरुद्ध कडा कदम चाल्न आवश्यक रहेकाले पहिला स्पष्टीकरण सोधिएको जानकारी दिए। रासस

# बगैँचाबाटै सुन्तला बिक्री हुँदा किसान खुसी

**नवलपरासी ।**
नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको बौदीकाली–५, बबकका गेशबहादुर रानालाई यसपटक बोटबाटै सुन्तला राम्रो मूल्यमा बिक्री हुँदा खुसी लागेको छ ।

अघिल्ला वर्षमा सुन्तलाको बजार खोज्दै धाउनुपर्ने र मूल्यसमेत कम पर्ने गरेकामा अहिले सहज रुपमा सुन्तला बगैँचाबाटै बिक्री हुँदा खुसी लागेको उनले बताए ।

जिल्लाको सुन्तला उत्पादनको प्रख्यात गाउँका रुपमा चिनिएको बबकका सुन्तला किसानले सहजै बगैँचाबाटै सुन्तला बिक्री गर्दै आएको रानाले बताए । स्थानीय व्यापारीले बगैँचाबाटै हाल प्रतिकिलो ६० रुपैयाँ देखि ६५ रुपैयाँ सम्ममा सुन्तला बिक्री गर्दै आएको उनले बताए ।

‘एकातर्फ सहज रुपमा बगैँचाबाटै सुन्तला बिक्री भएको छ, अर्कोतर्फ सुन्तलाको मूल्यसमेत अघिल्ला वर्षकोभन्दा धेरै मूल्य पाउँदा किसान उत्साहित बनेका छन,’ रानाले भने । गत वर्ष ५० रुपैयाँ देखि ५५ रुपैयाँ प्रतिकिलोसम्म सुन्तला बिक्री भएकामा अहिले मूल्यसमेत केही बढेको उनले बताए ।

नवलपुरको पहाडी क्षेत्रमा लगाइएको सुन्तला टिप्न यतिबेला किसान व्यस्त छन् । टिपिएका सुन्तला गाउँबाटै बिक्री हुँदा थप सहज भएको बुलिङ्टार–५, राइकोटका सुन्तला किसान कृष्ण सारुले बताए । उनको मात्रै करिब एक हजार सुन्तलाका बोट रहेका छन् ।

सुन्तला पाकेपछि स्थानीय बजारमा बिक्री गर्दै आएको उनले बताए । मौसम राम्रो भएकाले यसपटक सुन्तलाको दानासमेत राम्रो लागेको र बजार भाउ राम्रो प्राप्त गरेको सारुले बताए । गत वर्ष राइकोटमा उत्पादन भएका सुन्तला साना दाना भएकामा अहिले दाना राम्रो लागेको उनले बताए ।

उत्पादन भएको सुन्तला स्थानीय कावासोती बजार क्षेत्रमा नै आफूले खपत गर्दै आएको सारुले बताए । ‘अहिले सुन्तला बजार पठाउनेक्रम छ, जिल्लाका स्थानीय बजारमा खपत हुँदै आएको छ, पछि के हुन्छ हेरौँ,’ सारुले भने ।

जिल्लाको पहाडी क्षेत्र बबक, राइकोट, जौवारी, ढोडेनी, देउरालीलगायत क्षेत्रमा सुन्तला उत्पादन हुने गरेको छ । अहिले सुन्तला किसानले सुन्तला टिप्न सुरु गरेका छन् । स्थानीय व्यापारी बगैँचामा नै पुगेर सुन्तला खरिद गर्ने गरेका छन् । कतिपय व्यापारीले फोन गरेर सुन्तला माग गरेपछि पठाइदिने गरेको बबकका किसान रानाले बताए ।

नवलपुरका स्थानीय बजारसँगै चितवनको नारायणगढबाट सुन्तला माग हुँदै आएको उनले बताए ।



‘व्यापारीले माग राम्रै गरिरहेका छन्, यही मूल्य तयगरी जोखेर पठाएमात्रै हुन्छ, कुन बजारमा लगेर बेच्ने भन्ने चिन्ता अहिले छैन,’ रानाले भने ।

किसान आफैँले सुन्तला बजारमा पुऱ्याउँदा मूल्य निर्धारण कति हुने, कुन ठाउँ लैजाने भन्ने चिन्ता हुने गरेकामा गाउँबाटै मूल्य तय गरी व्यापारीको मागअनुसार पठाउने गरेको उनको भनाइ छ । गाउँका विभिन्न स्थानमा स्थानीय व्यापारीलेसमेत सुन्तला सङ्कलन गरी सोही ठाउँबाट खरिद बिक्री गर्दै आएका छन् । यसले गर्दा किसानलाई सुन्तला बिक्रीमा सहजता मिलेको छ ।

नवलपरासी पूर्व नवलपुरमा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ नवलपुरद्वारा सुन्तला जातका फलफूल जोन कार्यक्रम सञ्चालन गरेपछि जिल्लामा व्यावसायिक रुपमा सुन्तलाको उत्पादन बढ्दै गएको छ । कार्यालयका सूचना अधिकारी रणबहादुर महतोका अनुसार नवलपुरमा १८० हेक्टर क्षेत्रफल सुन्तलाजात फलफूलको उत्पादशील क्षेत्र रहेको छ ।

गत आर्थिक वर्षमा नवलपुरमा एक हजार ४०० टन सुन्तला उत्पादन भएको थियो । सूचना अधिकारी महतोका अनुसार कागती १८ टन उत्पादन भएको थियो । गत वर्ष किसानले सुन्तला बिक्रीबाट करिब आठ करोड ९० रुपैयाँ र कागती बिक्रीबाट १७ लाख ८६ हजार रुपैयाँ आम्दानी गरेका थिए । रासस

# अमेरिकी एयरलाइन्सले एक हजार उडान रद्द गऱ्यो, सरकारी बन्दको असर बढ्दै

अमेरिकी सङ्घीय सरकारको बन्द (शटडाउन) का कारण जारी आर्थिक सङ्कटबीच देशभरका एयरलाइन्सहरूले शुक्रबार करिब एक हजार उडान रद्द गरेका छन् । यद्यपि अधिकांश तालिकाहरू सामान्य रहे पनि यात्रुहरू अझै पनि असहज अवस्थामा परेका छन्।

सङ्घीय उड्डयन प्रशासन (एफएए) ले हवाई यातायात नियन्त्रकहरूमा अत्यधिक कार्यभार र तलब नपाएका कारण उत्पन्न तनाव कम गर्न व्यस्त विमानस्थलहरूमा सेवा घटाउने आदेश जारी गरेको छ। यसका कारण एटलान्टा, डलास, डेनभर, शार्लोटलगायत देशका प्रमुख विमानस्थलहरूमा लामो सुरक्षा लाइन र अन्तिम क्षणका उडान रद्दहरू देखिएका छन्।

एफएएको आदेशअनुसार हाल करिब चार प्रतिशत उडानहरू कटौती गरिएका छन् । यसको दर आगामी सातामा १० प्रतिशतसम्म पुग्ने अनुमान गरिएको छ । यातायातमन्त्री सिन डफीका अनुसार यदि सरकारी बन्द लामो समयसम्म रह्यो भने यो दर १५ देखि २० प्रतिशतसम्म बढ्न सक्ने सम्भावना छ।

**यात्रुहरू असहज, उडान पुनः बुकिङको हतारो**

ह्युस्टनको जर्ज बुश इन्टरकन्टिनेन्टल विमानस्थलमा यात्रुहरू बिहानैदेखि लामो लाइनमा उभिन बाध्य भए । कतिपयले कुर्दा–कुर्दै कुर्सीमा सुत्नुपरेको अनुभव सुनाए । एटलान्टामा पुगेकी कारा बर्गेरोनले भने, ‘लाइनहरू लगातार सर्दै थिए, यस्तो भीड मैले पहिले कहिल्यै देखेकी थिइनँ।’ केही यात्रुलाई भने अझ कठिनाइ भयो। कनेक्टिकटकी चिकित्सक करेन सोइकाको उडान न्युजर्सीको नेवार्कबाट रद्द भएपछि उनलाई न्युयोर्कको जोन एफ। केनेडी विमानस्थल पुग्नुपर्ने अवस्था आयो। उनले उटाह जाने योजनाका लागि कार भाडामा लिन खोज्नुभयो तर उपलब्ध भएन। अन्ततः उनले ‘क्रस–कन्ट्री ट्रक चलाएर जानुपर्ने’ बताए।

भाडाका कार कम्पनीहरूले पनि एकतर्फी यात्राको माग तीव्र रूपमा बढेको जनाएका छन्।

**एयरलाइन्सको प्रतिक्रिया र उडान कटौतीको अवस्था**

उडान टङ्याकिङ वेबसाइट फ्लाइटअवेयर का अनुसार शुक्रबार मात्रै एक हजारभन्दा बढी उडानहरू रद्द भएका थिए। यो बिहीबारको तुलनामा पाँच गुणा बढी हो। वासिङ्टनस्थित रेगन राष्ट्रिय विमानस्थल सबैभन्दा बढी प्रभावित रह्यो। यहाँ १८ प्रतिशत उडान अर्थात करिब ८० भन्दा बढी रद्द गरिए।

डेल्टा एयरलाइन्सले शुक्रबार १७० उडान स्थगित गरेको बताएको छ भने अमेरिकन एयरलाइन्सले सोमबारसम्म दैनिक २२० उडान कटौती गर्ने योजना बनाएको छ। साउथवेस्ट एयरलाइन्सले पनि करिब १२० उडान रद्द गरेको छ। युनाइटेड र अमेरिकन दुवैले प्रभावित यात्रुहरूलाई पुनः बुक गर्न सक्रिय प्रयास भइरहेको बताएका छन्।

**राजनीतिक गतिरोध र दीर्घकालीन जोखिम**

ट्रम्प प्रशासनले डेमोक्रेट सांसदहरूलाई सरकारी बन्द अन्त्य गर्न दबाब दिँदै गर्दा एफएएको आदेश आएको हो । नियन्त्रकहरूलाई महिनाभर तलब नदिइँदा उनीहरूमा आर्थिक र मानसिक दबाब बढेको एफएएको भनाइ छ।

यातायातमन्त्री डफीले भने, ‘हामी ढिलाइ वा अवरोध देख्न चाहन्नौँ, तर जबसम्म सुरक्षा मापदण्ड सुधार हुँदैन, उडान कटौती आवश्यक छ।’

विश्लेषकहरूका अनुसार लामो समयसम्मको बन्दले अमेरिकी हवाई ढुवानी प्रणालीमा गम्भीर असर पार्न सक्छ। अमेरिकी हवाई मालसामानको करिब आधा हिस्सा यात्रु विमानमार्फत ढुवानी हुने भएकाले ढिलाइले आपूर्ति शृंखलामा पनि प्रभाव पार्नेछ।

एलिभेट एभियसन ग्रुपका प्रमुख ग्रेग राइफलले भने, ‘हवाई यातायात अमेरिकी अर्थतन्त्रको मेरुदण्ड हो। यो बन्दले व्यापारिक बैठकदेखि लिएर पर्यटकहरूको यात्रा, सबै क्षेत्रमा असर पार्नेछ।’

**यात्रुहरूका लागि सल्लाह**

सरकारको निर्देशनअनुसार ढिलाइ आफूहरूको नियन्त्रणभित्रको कारणले नभएसम्म एयरलाइन्सहरूले रद्द भएका उडानका टिकट फिर्ता गर्नुपर्छ तर खाना र आवास खर्च वहन गर्नुपर्ने छैन।

यात्रा सल्लाहकार क्रिस्टिना श्लेगलले भने, ‘आतङ्कित नहुनुहोस्, आफ्नो उडानको स्थिति निरन्तर जाँच गर्नुहोस् र वैकल्पिक मार्गको जानकारी तयार राख्नुहोस्।’

यदि सरकारी बन्द छिट्टै अन्त्य भएन भने आगामी बिदाअघि हवाई यात्रा अझ अव्यवस्थित र महँगो बन्ने विश्लेषकहरूले चेतावनी दिएका छन्। एजेन्सी

# लिम्चुङबुङ उदयपुरको प्रमुख सुन्तला जोन क्षेत्र बन्दै

**उदयपुर ।**
यहाँका पहाडी गाउँपालिकामध्ये लिम्चुङबुङ दुई वर्षदेखि जिल्लाको प्रमख सुन्तला जोन क्षेत्र बन्दै गएको छ । लिम्चुङबुङ–५ बलाम्ता चलेसटेम्माका सुन्तला उत्पादक कृषक रेसराज राईका अनुसार पाँच वर्षअघिसम्म गाउँमा ८०० देखि एक हजार २०० बोटभन्दा बढी सुन्तला थिएनन् ।

पाँच वर्षयता प्रत्येक घरका कृषकले २०० देखि ४०० सम्म सुन्तलाका बिरुवा विस्तार गरेका उनले बताए । आफूले करिब ४५० बिरुवा हुर्काइसकेको जनाउँदै उनले बोटले फल दिन थालेका बताए ।

लिम्चुङ्बुङ गाउँपालिकाका उपाध्यक्ष पुष्पलाल राईका अनुसार पाँच वर्षदेखि पालिकालाई सुन्तला जोन बनाउने अभियान सुरु भएको छ । हालसम्म करिब ५० हजारभन्दा बढी सुन्तलाका बिरुवा विस्तार गरिएको उनले जानकारी दिए ।

लिम्चुङ्बुङ–३ ताम्लिछाका कृषक लखनसेर राईले भने, ‘पहिला आफ्नो बगानमा २० बोट सुन्तला थियो । अहिले दुई सय २५ पुगिसकेको छ ।’ कृषक खेमबहादुर कार्कीले दुई वर्षदेखि वार्षिक एक लाख ५० हजार रुपैयाँ बराबरको सुन्तला बिक्री गर्न थालेको जानकारी दिए ।

लिम्चुङ्बुङ–४ जाँते हिम्मा, खोस्टुङ क्षेत्रमा पनि दशौँ हजार सुन्तलाका बिरुवा हुर्किएका छन् । अहिले यो क्षेत्र सुन्तलामय बनेको वडाध्यक्ष केशर राईले बताए ।

पालिकाका उपाध्यक्ष राईका अनुसार पछिल्लो समय सुन्तताखेती विस्तार भएसँगै यस क्षेत्रबाट वार्षिक २० लाख रुपैयाँ सम्मको सुन्तला बिक्री हुन थालेको छ । ‘अहिले पनि सुन्तलाका बिरुवा हुर्किरहेकाले आगामी चार वर्षभित्र पालिकामा १० करोड रुपैयाँ भन्दा बढीको सुन्तला बिक्री हुने विश्वास छ,’ उनले भने ।

अहिले पालिकाका सबै वडामा ‘एक घर सय बोट सुन्तला’ अभियान सञ्चालन गरेर खेती विस्तार गर्न थालिएको पालिकाका जनप्रतिनिधिले बताएका छन् ।

यसअघि सबैभन्दा बढी सुन्तला उत्पादन क्षेत्रका रूपमा ताप्ली गाउँपालिका रहेको थियो । अहिले ताप्लीमाभन्दा लिम्चुङ्बुङ गाउँपालिकामा सबैभन्दा बढी सुन्तला उत्पादन हुने गरेको गाउँपालिकाका अध्यक्ष मेजरकुमार राईले जानकारी दिए ।

पालिकामा सबैभन्दा बढी सम्भावना बोकेको सुन्तला, डल्ले खुर्सानी, कागतीलगायत कृषिउपज रहेका बताउँदै उनले उत्पादन र खेती गरिएको क्षेत्रका आधारमा जोन विस्तार गर्दै जाने योजना रहेको उल्लेख गरे ।

पछिल्लो समय यहाँयता पटकपटक गरेर ५० हजार सुन्तलाका बिरुवा विस्तार गरिएको छ । ती बोटले फल दिन थालेपछि आम्दानी बढ्नुका साथै सुन्तलामा आत्मनिर्भर बन्नसक्ने अध्यक्ष राईको भनाइ छ ।

जिल्लास्थित कृषि ज्ञान केन्द्रका प्रमुख योगेन्द्र यादवका अनुसार यहाँका पहाडी क्षेत्रका पालिकाहरूमा तीव्र रूपमा सुन्तलाखेती विस्तार भइरहेको बताए । सबैभन्दा बढी लिम्चुङ्बुङ गाउँपालिकामा सुन्तलाखेती विस्तार भएको उनको भनाइ छ ।

चार वर्षपछि पालिकामा वार्षिक १० करोड रुपैयाँभन्दा बढीको सुन्तला उत्पादन हुने पालिका अध्यक्ष राईले विश्वास व्यक्त गरे । सुन्तला, कागती र डल्ले खुर्सानी किसानलाई प्रोत्साहन गर्दै प्रमुख आर्थिक स्रोतका रूपमा विस्तार गर्ने पालिकाको योजना रहेको उनको भनाइ छ । रासस

# भोटखोलाका विद्यार्थीलाई न्यानो कपडा वितरण



**संखुवासभा।**
भोटखोला गाउँपालिका–१ किमाथाङ्कास्थित हिमाल आधारभूत विद्यालयका विद्यार्थीलाई सशस्त्र प्रहरी बलले न्यानो कपडा वितरण गरेको छ।

चैनपुरस्थित–४ अरुण गुल्मको आयोजनामा सीमावर्ती क्षेत्र किमाथाङ्कामा शुक्रबार आयोजित कार्यक्रममा ३० विद्यार्थीलाई न्यानो लत्ताकपडा वितरण गरिएको हो । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी सृजना थपलिया, स्थानीय जनप्रतिनिधि, विद्यालयका शिक्षक तथा अभिभावकहरूको उपस्थितिमा विद्यार्थीलाई जाडोमा सहजताका साथ विद्यालय आउनजान सहयोग पुग्ने उद्देश्यले कपडा वितरण गरिएको सशस्त्र प्रहरीले जनाएको छ।

प्रमुख जिल्ला अधिकारी थपलियाले सशस्त्र प्रहरी बल केवल सुरक्षाकर्मीमात्र होइन, समुदायसँग जोडिएर सामाजिक उत्तरदायित्व वहन गर्दै आएकाले यस्तो अभियानले स्थानीयमा सुरक्षाप्रतिको विश्वास र आत्मीयता बढाएको बताए।

स्थानीयवासीले पनि सशस्त्र प्रहरीले सञ्चालन गर्ने सामुदायिक सेवा कार्यक्रमले सीमावर्ती बस्ती र सुरक्षा निकायबीचको सम्बन्ध थप सुदृढ भएको प्रतिक्रिया दिएका छन् । सशस्त्र प्रहरी बलले देशका दुर्गम तथा सीमावर्ती क्षेत्रमा अध्ययनरत विद्यार्थी, विपन्न परिवार र विपद्पीडित नागरिकका लागि नियमित रूपमा राहत तथा सहयोग कार्यक्रम सञ्चालन गर्दै आएको छ।रासस

# गर्भवतीलाई पोषण भत्ता

**तनहुँ।**
व्यास नगरपालिकाले दुई सय ९५ गर्भवतीलाई पोषण भत्ता वितरण गरेको छ।

नवजात शिशु र आमाको स्वास्थ्य स्याहार तथा सुरक्षाका लागि जनही पाँच हजार रुपैयाँका दरले गर्भवतीलाई पोषण भत्ता वितरण गरेको हो । गत आर्थिक वर्षमा २४३ गर्भवतीलाई १२ लाख २५ हजार रुपैयाँ र चालु आवको साउनदेखि असोजसम्म ५२ जनालाई दुई लाख ६० हजार रुपैयाँ रकम प्रदान गरिएको हो।

गर्भवती पोषण कार्यक्रम (महिलासँग उपप्रमुख) अन्तर्गत उनीहरुलाई रकम प्रदान गरिएको महिला बालबालिका अपाङ्गता तथा ज्येष्ठ नागरिक उपशाखाले जनाएको छ।

गर्भवतीलाई पोषण प्रोत्साहन रकम प्रदान गरी कुपोषण हुनबाट बचाउने, नियमित गर्भ जाँच गराउने र असुरक्षित सुत्केरीलाई निरुत्साहित गर्ने उद्देश्यले पोषण भत्ताको व्यवस्था गरिएको महिला विकास निरीक्षक जानुका सुर्खालीले जानकारी दिए।

नगरपालिका क्षेत्रका सरकारी स्वास्थ्य संस्थाबाट कम्तीमा तीन पटक स्वास्थ्य परीक्षण गराउका गर्भवतीलाई आठ महिनापछि पाँच हजार रुपैयाँ प्रदान गरिने उनले बताए । यसअघि गर्भवतीलाई नगद नै वितरण गर्ने गरिएको थियो।

त्यसैगरी चालु आर्थिक वर्षमा डिजिटल प्रविधिबाट अपाङ्गता भएकालाई परिचयपत्र वितरण कार्य थालिएको छ। चालु आर्थिक वर्षमा ‘क’ वर्गको दुई, ‘ख’ वर्गको २९, ‘ग’ वर्गको १८ तथा ‘घ’ वर्गको सात जनालाई परिचयपत्र वितरण गरिएको सहायक महिला विकास निरीक्षक शर्मिला जम्मरकट्टेलले जानकारी दिए।

गत वर्ष एक सय ९० जनालाई यस किसिमको परिचयपत्र प्रदान गरिएको थियो।रासस

## महाकाली करिडोरः

# योजनामा उत्साह, कार्यान्वयनमा निराशा



**कञ्चनपुर।**
यहाँको भीमदत्त नगरपालिका–९ टुडिखेलका लोकबहादुर थापामगर २०६५ सालमा डडेल्धुराको जोगबुढाबाट बसाइँ सरी यहाँ आएका छन्।

त्यतिबेला कञ्चनपुरको ब्रह्मदेवदेखि दार्चुलाको टिङ्करसम्म महाकाली करिडोर निर्माण हुने खबरले उनमा उत्साह थियो । करिडोर यातायातको सुविधामात्र नभइ अवसरको ढोका पनि रहेकाले व्यापारका नयाँ सम्भावना खुल्ने अपेक्षा उनमा थियो। आफ्नै घर छेउबाट सडक निर्माण हुने भएपछि यहाँको यहाँका स्थानीयको आर्थिक अवस्था फेरिने आशा पलाएको थियो। तर उक्त सडक निर्माण हुन्छ भनेको सुनेको पनि डेढ दशक भइसकेको छ । ‘त्यो बेला सडक निर्माण हुन्छ भन्ने सुनेपछि धेरै खुसी भएका थियौं,’ थापाले भने, ‘एकातर्फ महेन्द्रनगर बजार सहज पहुँच हुने र सडक बनेपछि शिक्षा, स्वास्थ्य र व्यापार हुने ठूलो आशा थियो तर अहिलेसम्म बनेन।’

उक्त क्षेत्रमा करिडोरको ट्र्याक खुलेको छ तर यात्रा गर्न सजह छैन । वर्षात्को समयमा त उक्त सडक बन्द हुने गरेको उनको भनाइ छ।

‘सडक नहुँदा बिरामीलाई बोकेर अस्पताल लग्नुपर्ने बाध्यता आउँछ गाउँमा न स्वास्थ्य संस्था छ न विद्यालय नै,’ उनले भने, ‘हाम्रो मुख्य समस्या भनेकै सडक हो, सडक नहुँदा निकै सास्ती खेप्नुपरेको छ ।’ उनले दुई घण्टा पैदल हिंडेर विद्यालय जानुपर्ने बाध्यताले नातिनीलाई कैलालीको लम्कीस्थित भाइको घरमा अध्ययनका लागि पठाएको बताए।

अहिले पनि स्थानीय उत्पादन बिक्री गरेर आम्दानी गरिरहेको बताउँदै सडक सञ्जालले जोडिए यहाँका स्थानीयको आर्थिक सुधार हुने उनको भनाइ थियो।

बाइस वर्षदेखि यहाँको टुँडिखेलमा बस्दै आउनुभएका लीला पुनमगर पनि करिडोर निर्माण हुने खबरले उत्साही भए। तर सडक निर्माणमा ढिलाइ हुँदा भने उनको उत्साह पनि निराशामा परिणत भएको छ।

‘करिडोर बन्छ भन्ने सुनेको १२ वर्षपछि ट्र्याक (मार्ग) खुलेको छ, अझै आशा त मरेको छैन तर सडक बनिसक्नुपर्ने समयसम्म पनि नबन्दा शुरुको जस्तो उत्साह छैन,’ उनले भने, ‘सरकारले ढिलाइ गर्नु भएन यो सडकलाई प्राथमिकतामा राखेर छिटो सम्पन्न गर्नुपर्छ ।’ उनले सडक निर्माणपछि लामो दूरीको यात्रा गर्नुपर्ने बाध्यता हट्ने बताए।

महाकाली करिडोरले यातायातको पहुँचसँगै भारतसँगको व्यापारिक पहुँच, घरेलु उद्योगको विस्तार र पर्यटन सम्भावनामा समेत ठूलो भूमिका खेल्न सक्ने यहाँका स्थानीय रमेश नायक बताउँछन्् । ‘यो सडक यातायातका लागि मात्र नभई व्यापारिक हिसाबले महत्त्वपूर्ण छ,’ उनले भने ‘सरकारको पर्याप्त बजेट विनियोजन गरेर सडक निर्माणलाई पूर्णता दिनुपर्छ।’

उनले करिडोर सञ्चालनमा आए सुदूरपहाडका जनताको आर्थिक अवस्थामा पनि सुधार आउने बताए । ‘करिडोर सञ्चालनमा आइदिए यहाँका स्थानीयले आठआठ घण्टा लगाएर जानुपर्ने ठाउँमा दुई घण्टामै पुग्छौँ,’ उनले भने, ‘यो सुदूरपहाडका जनताका लागि लाइफ लाइन नै हो।’

करिडोर बनेपछि ब्रह्मदेव, डडेल्धुराको जोगबुढा, बैतडीको पञ्चेश्वर, चमेलिया, दार्चुलाको लाली, उकू, खलङ्गा, धारी, हिकिला, हुती, धौलाकोट र सुन्सेरा हुँदै टिङ्कर नाकासम्म सडक निर्माण गरी उक्त क्षेत्रको आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यटकीय साथै शैक्षिक विकासमा योगदान पुर्याउने छ । महाकाली करिडोर निर्माण भएपछि चीन र भारतसँग व्यापारको ढोका खुल्ने र रोजगारीका थुप्रै अवसर सृजना हुनेमा यहाँका व्यवसायी आशावादी छन् । सुदूरपश्चिमको समृद्धि र आर्थिक विकासको मेरुदण्ड मानिएको महाकाली करिडोर डेढ दशकअघि उत्साहका साथ शुरु गरिएको थियो । तर योजना सम्पन्न गरिसक्ने समयमा पनि बजेट अभाव, प्रक्रियागत उल्झन र सरकारी उदासिनताका कारण अलपत्र अवस्थामा पुगेको छ।

सुदूरपश्चिम प्रदेशका चार जिल्ला कञ्चनपुर, डडेल्धुरा, बैतडी र दार्चुला जोड्दै नेपाल र चीनको ताक्लाकोटको सिमानामा रहेको पिलर नम्बर १ सम्म चार सय १३ किलोमिटर सडक निर्माण गर्ने लक्ष्य छ । सडक निर्माणपछि सुदूरपश्चिमका करिब आठ लाख जनता प्रत्यक्ष लाभान्वित हुने र त्रिदेशीय नाका भएका कारण व्यापारिक महत्व पनि धेरै नै रहेको छ। यसका साथै धार्मिक हिसाबले कैलाश मानसरोवर भ्रमणको सुविधा उपलव्ध हुने देखिन्छ। तर प्रक्रियागत उल्झन र बजेट अभावले योजनाले अपेक्षित गति लिनसकेको छैन । सुदूरपश्चिमको आर्थिक विकासको मेरुदण्डका रूपमा रहेको महाकाली करिडोर निर्माणका लागि न्यून बजेट विनियोजन हुँदा निर्माणको काम ठप्पजस्तै छ।

चालु आर्थिक वर्षमा करिडोर निर्माणका लागि २२ करोड ९७ लाख रुपैयाँमात्र बजेट विनियोजन भएको महाकाली करिडोर सडक (ब्रह्मदेव–झुलाघाट–दाचुला–टिङ्कर सडक) योजना कार्यालयका योजनाका सूचना अधिकारी रामचन्द्र जैशीले जानकारी दिए । उक्त बजेटले निर्माण व्यवसायीको पनि भुक्तानी गर्न सकिँदैन । ‘योजनाअन्तर्गत कार्यालयले डेढ अर्ब दायित्व भुक्तानी गर्नुपर्ने छ,’ उनले भने, ‘चालु आर्थिक वर्षमा आएको बजेट न्यून छ, यसले नयाँ ठेक्का खोलेर काम गर्न सकिने अवस्था छैन।’ उनले यही गतिमा बजेट आए योजना सम्पन्न गर्न अझै वर्षौँ लाग्ने बताए।

योजना कार्यालयका अनुसार करिडोरअन्तर्गत कञ्चनपुरमा ११ किलोमिटर, डडेल्धुरामा ५८ किलोमिटर, बैतडीमा एक सय ४४ किलोमिटर र दार्चुलामा एक सय २१ किलोमिटर सडक निर्माण हुनेछ। जसमध्ये कञ्चनपुरमा ११ किलोमिटर मार्ग खुलिसकेको छभने डडेल्धुरामा २८ किलोमिटर खुलेको छ । त्यसैगरी, बैतडीमा एक सय १४ किलोमिटर र दार्चुलामा ७७ किलोमिटर मार्ग खुलेको छ । तुसारापानीदेखि टिङ्करसम्मको ७९ किलोमिटर सडकखण्डमा मार्ग खोल्ने काम नेपाली सेनाले गरिरहेको छ।

डडेल्धुराको सिमलतालदेखि भागेश्वर गाउँपालिका हुँदै सुर्नयासम्म, बैतडीको शिवनाथ र पञ्चेश्वर क्षेत्र तथा दार्चुलाको लेकम र मालिकार्जुन गाउँपालिका क्षेत्रमा मार्ग खोल्न बाँकी छ। हाल योजनाले छवटा प्याकेजमा गरी डडेल्धुरा र दार्चुलामा ३७ किमीमा सडक कालोपत्रको काम निर्माणाधीन छ। करिडोरअन्र्तगत दार्चुलाको महाकाली नगरपालिका क्षेत्रमा १२ किलोमिटर र खलङ्गादेखि तुसारपानी खण्डमा १०–१० किमी गरी दुई प्याकेजमा सडक कालोपत्रको काम निमार्णाधीन छ । आर्थिक वर्ष २०६५–६६ देखि शुरु भएको करिडोरको शुरुको कुल लागत अनुमान १८ अर्ब १६ करोड रुपैयाँमा आर्थिक वर्ष २०८०–८१ सम्म पूरा गर्ने लक्ष्य थियो । तर बजेट अभाव, रुख कटानलगायत प्रक्रियागत उल्झनले योजनाको लागत र समय लम्बिँदै गएको छ।रासस

# हिमपातपछि मुस्ताङका याकचौँरी बेँसीमा स्थान्तरण



**मुस्ताङ।**
एक साताअघि परेको भारी हिमपात र अत्यधिक चिसो बढेसँगै यहाँका उच्च लेकमा पालिएका याकचौँरीलाई बेँसीमा स्थान्तरण गरिएको छ । हिमपातका कारण उच्च लेक क्षेत्रमा घाँसे चरनक्षेत्र हिउँले पूरै ढाकिएको र पानीका मुहान हिउँले जमेपछि यहाँका याकचौँरीलाई हिमपात र चिसोबाट जोगाउन बेँसीको न्यानो स्थानमा झारिएको हो।

बर्सेनि मुस्ताङका उच्च लेकमा हिउँदयाममा हिउँ पर्न थालेपछि बेँसीमा झारिने र बर्खायाममा हिउँ पग्लिन थालेपछि उच्च लेक तथा खर्कमा पुर्याएर याकचौँरीको व्यवस्थापन गर्ने गरिन्छ । मुस्ताङका पाँच स्थानीय तहका उच्च लेकमा पालिएका परम्परागत याकचौँरी कात्तिकदेखि जेठ महिनासम्म बेँसीमा स्थान्तरण गरिने गरिएको छ। यसरी हिउँदयाममा हिमपात र चिसो छल्न झारिएका याकचौँरीलाई गर्मी शुरु भएपछि वैशाखदेखि असोज मसान्तसम्म उच्च लेकमा राखिने गरिएको हिमालयन चौरीपालक तथा संरक्षण समितिका सचिव सोजन हिराचनले बताए।

हिउँदयाममा उच्च लेकमा हिउँले चरनक्षेत्र अभाव हुने याकचौँरीलाई घाँस, पानी र आहारा व्यवस्थापन गर्न समस्या हुने तथा गोठालालाई पनि हिमपात र चिसोले सास्ती पुर्याउने भएकाले उच्च लेक र खर्कका याकचौँरी क्रमशः बेँसी झारिने गरिएको हो । यसरी झारिएका याकचौँरी बर्खायाममा उच्च लेकका अस्थायी गोठमा लगेर पालन गरिन्छ। बर्खायाममा हिउँ पग्लिएर घाँस पलाउने र गोठालालाई याकचौँरी व्यवस्थापन गर्न सहज हुने भएकाले समुद्री सतहको चार हजार मिटरमाथिको उच्च लेकमा याकचौँरीपालन गर्ने गरिएको समितिका सचिव हिराचनको भनाइ छ।

मुस्ताङको थासाङ गाउँपालिका–२ स्थित मार्चे लेकका १० घरपरिवारका १० गोठका झण्डै एक हजार याकचौँरी हिमपात र जाडो छल्न बेँसी झारिएको समितिका सचिव हिराचनले उल्लेख गरे। त्यसैगरी थासाङस्थित धवलागिरि आइफल रहेको मुलीखर्क लेकका आठ घरपरिवारका करिब पाँच सय याकचौँरी र थासाङ–१ र घरपझोङ–२ मा पर्ने बतासे लेकमा रहेका छ घरपरिवारका करिब सात सय याकचौँरी हिमपातसँगै जाडो छल्न बेँसी झारिएको समिति सचिव हिराचनको भनाइ छ।

यहाँको थासाङ–२ स्थित मार्चे लेकमा १०, मुलिखर्कमा आठ र बतासे लेकमा छवटा चौँरीगोठ रहेको थासाङ–२ का वडाध्यक्ष गौतम शेरचनले जानकारी दिए । मार्चे लेकमा थासाङ गाउँपालिका र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको अनुदान सहयोगमा घम्ती गोठ निर्माण भएको उनको भनाइ छ। थासाङ गाउँपालिकाअन्तर्गत कोवाङ, सौरु, खन्ती, लार्जुङ, नाउरिकोट, नाकुम, बोक्सी खोला, छाक्ताङ र ताक्लुङका पशुपालकहरूले परम्परागत रूपमा चौँरीपालन व्यवसाय अपनाउँदै आइरहेको वडाध्यक्ष शेरचनले उल्लेख गरे।

यहाँको घरपझोङ–४ जोमसोमका याकचौँरीपालक भूपेन्द्र शेरचन र वीरबहादुर घर्तीका करिब पाँच सय बढी चौँरी हिमपातका कारण ठिनी गाउँमाथिको लेकमा झारिएका छन्।

समुद्री सतहको उच्चस्थानमा गोठ खडा गरी पालन गरिएका शेरचन र घर्तीका चौँरी नमुख लेकबाट तलको पारिलो स्थानमा झारिएको हो । भूपेन्द्रले हिउँदयाममा चौँरी रेखदेख गर्न समस्या हुने र उच्च लेकमा घाँस र खानेपानीको समस्या हुने भएकाले बेँसी झार्नुपरेको सुनाए।

यहाँको घरपझोङ गाउँपालिकास्थित स्याङ, मार्फा र जोमसोमका गरी सात घरपरिवारले याकचौँरीपालन गरेका उनि बताउछन्।

माथिल्लो मुस्ताङको लोघेकर दामोदरकुण्ड गाउँपालिका–५ ताङ्ग्यामा एक र वडा–४ ध्येगाउँमा एक गरी दुई घरले करिब पाँच हाराहारीमा याकचौँरीपालन व्यवसाय गरेको ताङ्ग्याका कर्मा साङ्वो गुरुङले जानकारी दिए। बर्खायाममा उच्च लेकको कराङमा रहेका चौँरी हिमपातपछि थाक्से लेकको पारिलो स्थानमा राखिएको जानकारी दिए । त्यसैगरी लोघेकर–४ ध्येका चौँरीपालक कुन्साङ रिनजीन गुरुङले पनि हिमपातपछि आफ्ना चौँरी बेँसी नजिकको लेकमा ल्याएर राखेको बताए।

त्यसैगरी माथिल्लो मुस्ताङस्थित लोमान्थाङ गाउँपालिका लोमान्थाङ र सम्जुङमा पनि चौँरीपालन गरिएको छ । पछिल्लो समय उच्च हिमाली क्षेत्रमा परम्परागत संस्कृतिका रूपमा व्यावसायिक याकचौँरीपालन जलवायु परिवर्तनका कारण सङ्कटमा पर्न थालेको छ।

जलवायु परिवर्तनका कारण अनुकूल मौसममा हिउँ नपर्नु, उच्च लेकको चरनक्षेत्रमा घाँस अभाव हुनु र हिमचितुवालगायत वन्यजन्तुको आक्रमणबाट याकचौँरीलगायत घरपालुवा पशुचौपायामा क्षति हुँदै जाने जोखिमका कारण यहाँको परम्परागत संस्कृतिका रूपमा रहेको चौँरीपालन व्यवसाय सङ्कटमा पर्न थालेको हो।

यहाँका पालन गरिएका चौँरी तथा याकनाकपालनलाई जलवायुको सङ्कट थपिएको हो।

भारी हिमपात, आंशिक हिमपात र कुनै याममा हिउँ नै नपर्ने प्राकृतिक घटनाका कारण जलवायुको प्रत्यक्ष र परोक्ष असर चौँरीपालनमा परेको छ । मुस्ताङका किसानले चौँरीको दूधबाट दही, घिउ र छुर्पीलगायतका परिकार निर्माण गर्छन्, चौरीको पुच्छर हिन्दू धर्मालम्बीहरूले पूजा कोठामा राख्ने भएको यो महँगो मूल्यमा बिक्री हुन्छ।

यहाँको घरपझोङ र थासाङका याकचौँरीपालकले बर्सेनि वैशाख र भदौमा याकचौँरीको आलो रगत निकालेर दोहोरो फाइदा निकाल्छन्। यहाँ वयस्क याकचौँरीलाई मासुका रूपमा समेत उपयोग गरिने भएकाले एउटै जिउँदो याकको मूल्य एक लाख रुपैयाँदेखि एक लाख ५० हजार रुपैयाँसम्म पर्छ।रासस

# हत्याआरोपी बरिष्ठ हबल्दारसहित दुई कारागार चलान




**राकेश यादव**
**रौतहट ।**
हत्याको आरोपमा पक्राउ परेका २ जना आरोपितलाइ रौतहट जिल्ला अदालतले कारागार चलान गरेको छ । जिल्ला सरकारी वकिल कार्यालयले कर्तव्य ज्यान मुद्दाको अभियोग पत्रसहित दाखिल गरेका २ जना अभियुक्तलाइ जिल्ला अदालतले थुनामा राखेर पुर्पक्ष गर्न आदेश दिएको हो । जिल्ला न्यायाधीश शम्भु प्रसाद रेग्मीको इजलासले थुनछेक बहस सकिएपछि प्रतिवादी फतुवा विजयपुर नगरपालिका वडा नम्बर २, शितलपुर टोलका बरिष्ठ हबलदार ४३ वर्षीय बिनोद भनिने हरदेव राय यादव र ६० वर्षीय कपिलदेव यादवलाइ थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने आदेश दिएको रौतहट जिल्ला अदालत गौरका उपसचिव केशरनाथ अर्यालले जानकारी दिए ।

धर्मेन्द्र साह बानियाको जाहेरी बादी नेपाल सरकार भएको ज्यानसम्बन्धी कसुर मुद्दामा अभियोगसाथ उपस्थित भएका दुवै प्रतिवादीलाइ तत्काल निर्दोष भन्न सकिने अवस्था नरहेकाले मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ६७(१) बमोजिम थुनामा राखेर कारबाही गर्न आदेश दिएको उनले बताए ।

असोज २६ गते जग्गाको बिषयमा भएको विवादमा पक्राउ परेका आरोपितहरू समेतले कुटपिट गर्दा स्थानीय शंकर साह बानियाको मृत्यु भएको अभियोग दाबी छ । थुनछेक बहसका लागि जिल्ला अदालतमा पेश गरिएको आरोपितलाई कारबाही गर्नु पर्ने माग राख्दै पीडित परिवार र उनका समर्थक बिहान ११ बजेदेखि बेलुकी साढे ६ बजेसम्म अदालतको मुख्य गेटमा धर्ना दिएर प्रदर्शन गरेका थिए । दोषीलाई छोड्ने संकेत देखिएकाले दबाब सृजना गर्ने उद्देश्यले पीडित परिवारले प्रदर्शन गरेको जनाएको छ । घटनामा संलग्न रहेका अन्य आरोपितलाइ प्रहरीले पक्राउ गर्न नसकेको मृतकका छोरा सन्तोष साह बनियाले बताए ।

# १० लाख बराबरको तस्करीको औषधिसहित युवक पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
भारतबाट अवैधरूपमा औषधि तस्करी गर्दै आएका युवकलाई सशस्त्र प्रहरीले पर्सामा नियन्त्रणमा लिएको छ । सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वार्टर पर्साबाट खटिएको टोलीले वीरगंज महानगरपालिका–१६ इनर्वा क्षेत्रमा गस्तीका क्रममा भारततर्फबाट टाउकोमा औषधि बोकेर नेपालतर्फ आउँदै गरेका एक युवकलाई पक्राउ गरेको हो । सशस्त्र प्रहरीका अनुसार पक्राउ परेका व्यक्ति बाराको विश्रामपुर गाउँपालिका–४ बलिरामपुरका १८ वर्षीय हरिओम कुमार पासवान हुन् ।

प्रारम्भिक अनुसन्धानमा उनले भारतबाट विभिन्न प्रकारका मानव स्वास्थ्यसम्बन्धी औषधि तस्करी गर्दै आएको खुलेको छ । शनिबार बिहान सशस्त्र प्रहरी नायब उपरीक्षक पुरुषोत्तम भण्डारीको कमान्डमा खटिएको सात जनाको मोबाइल टोलीले औषधि बरामद गरेको हो । बरामद औषधिको बजार मूल्य करिब ९ लाख ५८ हजार ९ सय १३ रुपैयाँ रहेको सशस्त्र प्रहरीले जनाएको छ । सशस्त्र प्रहरी नम्बर १३ गण हेडक्वार्टरका सूचना अधिकारी डिएसपी विश्वराज योन्जनका अनुसार, पक्राउ परेका पासवानलाई बरामद औषधिसहित आवश्यक कारबाहीका लागि वीरगंज भन्सार कार्यालयमा बुझाइएको छ ।

यस्तै, धनुषा, विदेह नगरपालिका–१ मैनाथपुर बजारबाट खैरो हेरोईन जस्तो देखिने पदार्थ (प्लाष्टिक सहित ३५ मिलिग्राम) सहित विदेह नगरपालिका–६ छोटकिटोल गिदाका २२ वर्षीय जनक किशोर मण्डल शनिबार बेलुका पक्राउ परेका छन् । प्रहरी चौकी ठाडिझिझाबाट खटिएको प्रहरी गस्ती टोलीले भारतबाट नेपाल आउदै गरेका उनलाई शंका लागि चेकजाँच गर्दा हातमा कालो प्लाष्टिकमा लुकाइछिपाइराखेको लागु औषध खैरो हेरोईन जस्तो देखिने पदार्थ फेला पारी लागुऔषधसहित नियन्त्रणमा लिइएको हो ।

# भारतसँग जोडिएका नाका तीन दिन बन्द हुने

**सिरहा ।**
भारतको विहार राज्यमा हुने विधानसभा आमनिर्वाचनलाई मध्यनजर गरी सिरहाको सीमावर्ती नाका आइतबार रातिदेखि बन्द गरिने भएको छ ।

जिल्ला प्रशासन कार्यालयद्वारा आइतबार जारी गरिएको सूचनामा भारतको विहार राज्यमा हुने विधानसभा निर्वाचनका कारण सिरहासँग जोडिएका सीमानाका तीन दिनसम्म बन्द गरिने निर्णय गरिएको उल्लेख छ ।

प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलका अनुसार कात्तिक २३ गते राति १२ बजेदेखि कात्तिक २५ गते राति १२ बजेसम्मका लागि सीमानाका बन्द गरिने छन् । उनका अनुसार, यस अवधिमा मानवीय र आकस्मिक बाहेकका आवागमन पूर्ण रूपमा बन्द गरिने छ ।

# सातै प्रदेशमा तोकियो इन्चार्ज र संयोजक

**मधेशदृष्टि**
**काठमाडौँ ।**
कमन जेन्जी नेपाल राष्ट्रिय भेलाले सातै प्रदेशमा इन्चार्ज र संयोजकको जिम्मेवारी तोकेका छ ।

कमन जेन्जी नेपालका राष्ट्रिय अध्यक्ष विकेश साहले आइतबार विज्ञप्ति जारी गर्दै राष्ट्रिय भेलाले गरेको निर्णय सार्वजनिक गरेका छन् ।

राष्ट्रिय अध्यक्ष साहका अनुसार उपत्यका विशेष प्रदेशको इन्चार्जमा साहिल साह र संयोजकमा समृद्धि रेग्मी, कोशी प्रदेशको इन्चार्जमा सुशिल पासवान र संयोजकमा नविन साह, मधेश प्रदेशको इन्चार्जमा रविन्द्र यादव र संयोजकमा प्रदिप साह, बागमती प्रदेशको इन्चार्जमा विकास झा र संयोजकमा प्रसुन्ना आचार्य छन् ।

यसैगरी, गण्डकी प्रदेशको इन्चार्जमा मुस्कान घले र संयोजकमा रितिका परियार, लुम्बिनी प्रदेशको इन्चार्जमा विकेश यादव र संयोजकमा पवन साह, कर्णाली प्रदेशको इन्चार्जमा प्रिन्स साह र संयोजकमा सोनिया पटेल र सुदुरपश्चिम प्रदेशको इन्चार्जमा दिपेन्द्र सिंह कुँवर र संयोजकमा राजन साहलाई जिम्मेवारी तोकिएको छ ।

राष्ट्रिय भेलाले अन्तरिम संविधान र जेन्जी नेतृत्वमा नयाँ सरकार गठनको माग गरेको छ । □जेन्जी हत्यारा र देश लुटने भ्रष्टाचारीलाई कारबाही गर्नुपर्ने, □ जेन्जी आन्दोलनकारीमाथिको धरपकड बन्द गर्नुपर्ने, □ निकास र विकासमा असफल सुशीला कार्की सरकार तुरुन्त विघटन गर्नुपर्ने, □ जेन्जीमाथि मुद्दा लगाउने गृहमन्त्री ओमप्रकाश अर्यालले राजीनामा दिनुपर्ने, □ जेन्जी आन्दोलनका शहीद, घाइते परिवारलाई रोजगारी दिनुपर्ने, □जेन्जी आन्दोलनका घाइतेको उपचारमा भइरहेको हेलचेक्र्याइँ बन्द गर्नुपर्ने लगायतका माग भेलाले गरेको छ ।

# ‘मधेश भवन’ अगाडि युवाहरूको धर्ना



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारको ‘मधेश भवन’ अगाडि युवाहरूले धर्ना दिएका छन् । आइतबार साँझ मधेश भवनअगाडि युवाहरूले ‘प्ले कार्ड’सहित धर्ना दिएका हुन् । त्यसअघि उनीहरू प्रदेश प्रमुखको कार्यालय अगाडि धर्ना दिन पुगेका थिए । तर, सुरक्षाकर्मीको अनुरोधमा त्यहाँबाट सरेर मधेश भवनको मुख्य गेटअगाडि धर्ना दिएका छन् । मधेश प्रदेशमा संविधानको धारा बमोजिम नयाँ सरकार गठनको आह्वान गर्नुपर्ने उनीहरूको माग छ । शनिबार विश्वासको मत लिन मुख्यमन्त्री जितेन्द्र प्रसाद सोनार (सोनल) मधेश प्रदेशसभामा विश्वासको प्रस्ताव पेश गरेका थिए । तर, मत विभाजनमा जानुअघि नै उनले विश्वासको मत लिने वातावरण नभएको भन्दै राजीनामा घोषणा गरेका थिए । त्यसपछि सोनल समर्थित दलहरूले विश्वासको मत नगुमाएको भएकाले पुनः त्यही धारा अनुसार नयाँ सरकार गठनको आह्वान गर्नुपर्ने माग गर्दै आएका छन् । तर, नेकपा एमालेले भने उक्त धारा असफल भइसकेको भएकाले नयाँ धारा अनुसार ठूलो दलले सरकारको नेतृत्व गर्न पाउनुपर्ने मनसाय बनाएको छ ।

# नक्कली भूटानी शरणार्थी प्रकरणमा खरेल पक्राउ

**रौतहट ।**
नक्कली भूटानी शरणार्थी ठगी प्रकरणमा संलग्न रहेका प्रतिवादीलाई प्रहरीले पक्राउ गरी अदालतमा पेस गरेको छ । प्रकरणमा संलग्न भई फरार रहेका मधेश प्रदेशको रौतहटस्थित फतुवा हर्साह–९ स्थायी घर भएका ४२ वर्षीय रन्जनकुमार खरेललाई पक्राउ गरिएको प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले जानकारी दिएको छ ।

सिआइबीका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक शिवकुमार श्रेष्ठले खरेल नक्क्ली भूटानी शरणार्थी ठगी घटनामा नगद तथा चेकमार्फत रकम जम्मा गर्ने, ओसारपसार गर्ने, गैरकानूनीरुपमा ठगी तथा कागजात कीर्ते गरी पीडितहरुबाट असुल गरी प्राप्त भएको रकम लिने गिरोहरुसँग मिलेमतो गरी ठगी अपराधमा संलग्न रहेका बताए ।

घटनाको ठगी, कीर्ते र सङ्गठित अपराधमा संलग्न रही फरार हुँदै आएका खरेललाई गोप्य सूचनाका आधारमा पक्राउ गरी थप आवश्यक कारबाहीका लागि काठमाडौँ जिल्ला अदालतमा पेस गरिएको प्रवक्ता श्रेष्ठले बताए । खरेलविरुद्ध आर्थिक वर्ष २०७९–८० मा जिल्ला प्रहरी परिसर काठमाडौँमा नक्कली भूटानी शरणार्थी ठगी प्रकरणमा ठगी, लिखत कीर्ते, राज्यविरुद्ध र सङ्गठित अपराध कसुरमा मुद्दा दर्ता गरिएको थियो । त्यसपछि उनी फरार हुँदै आएका थिए ।

# अतीत, वर्तमान र अपेक्षाबारे अन्तर्क्रिया



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
गजेन्द्रनारायण सिंह अध्ययन केन्द्रको अग्रसरतामा प्रादेशिक राजधानी जनकपुरधाम अतीत, वर्तमान एवम् अपेक्षा विषय अन्तर्क्रिया भएको छ । अन्तर्क्रियामा जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साहले आफू निर्वाचित भएपछि जनकपुरधामको विकासलाई धेरै अगाडि बढाएको बताए । उनले जनकपुरधाममा देखिएको फोहरलगायतका समस्यालाई गुठी जग्गाका कारण समस्या आएको बताए ।

त्यसैगरी, अर्थशास्त्री डा.भोगेन्द्र झाले जनकपुरधाम धार्मिक नगरी भएकाले यसको विकासको लागि एक किसिमको साझा अवस्थाको निर्माण गरेर विकास गर्नुपर्नेमा जोड दिए । अध्ययन केन्द्रका अध्यक्ष अनिल महासेठको अध्यक्षतामा भएको कार्यक्रममा नीति आयोगका उपाध्यक्ष सोहन साह, पूर्वमेयर बजरंग प्रसाद साह, जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारी, जितेन्द्र महासेठ, विभा ठाकुरलगायतले धारणा राखेका थिए । कार्यक्रममा अनिल महासेठले धन्यवाद ज्ञापन गर्दै जनकपुरधामको ऐतिहासिक, धार्मिक र सांस्कृतिक पहिचानलाई अझ मजबुत बनाउन सबै पक्ष एकजुट हुनुपर्ने बताए ।

# जसपा नेपालका दुई नेताले पार्टी छाडे

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपालका दुई जना नेताले पार्टी छाडेका छन् । अध्यक्ष उपेन्द्र यादवले पार्टी छाडेकाहरूलाई फर्किन आह्वान गरेकै बेला लुम्बिनी प्रदेशका दुई जना नेताले पार्टी छाडेका हुन् । तराई–थरुहट राष्ट्रिय समिति लुम्बिनी प्रदेशका अध्यक्ष सुमित्रा चौधरी र लुम्बिनी प्रदेशका कार्यकारिणी समिति सदस्य निरङ्कार यादवले पार्टी छाडेका हुन् । पार्टीभित्र नेतृत्वको हैकमवादी चरित्र एवं विधि र विधानको बेवास्ता गर्दै पार्टीमा गुटगत राजनीति हाबी भएको भन्दै उनीहरुले साधारण सदस्य समेत नरहने गरी राजीनामा दिएका हुन् ।

# रक्सौलमा प्रशासनिक छापामारीपछि राजनीतिक हलचल

**मधेशदृष्टि**
**वीरगंज ।**
भारत, बिहारमा चुनाव नजिकिँदै गर्दा रक्सौल र आदापुर क्षेत्रमा शनिबार साँझ प्रशासनिक कारबाहीले हलचल मच्चिएको छ । निर्वाचन आयोगको सूचनाका आधारमा प्रशासनले पूर्व प्रखण्ड प्रमुख मो. नूरुल हसन र स्थानीय व्यवसायी नीरज कुमारका घर तथा कार्यालयमा एकै साथ छापा मारेको हो ।

छापामारी टोलीको नेतृत्व हरैया थाना प्रमुख किशन कुमारले गरेका थिए । दुवै व्यक्ति कांग्रेस उम्मेदवार श्याम बिहारी प्रसादका समर्थक मानिन्छन् । सूत्रका अनुसार प्रशासनलाई गोप्य सूचना प्राप्त भएको थियो कि यी ठेगानामा चुनावलाई प्रभावित गर्ने उद्देश्यले नगद रकम वा आपत्तिजनक सामग्री राखिएको छ । सूचनाका आधारमा शनिबार बेलुकी छापामारी गरिएको हो ।

तर, प्रशासनिक टोलीले कुनै पनि आपत्तिजनक वस्तु वा नगद बरामद गर्न सकेन । घटनास्थलमा उपस्थित मो. आबिदका अनुसार टोलीलाई केवल ‘एक कार्टुन पानीका बोतलहरू’ मात्र भेटिएको थियो । छापामारीपछि पूर्व प्रखण्ड प्रमुख मो. नूरुल हसनले भने, ‘यो विपक्षको षड्यन्त्र हो । हामीलाई बदनाम गर्नका लागि गलत सूचना दिएर प्रशासनलाई भ्रमित पारिएको हो । तर सत्य सबैको अगाडि स्पष्ट छ, हाम्रा घरबाट केही पनि बरामद भएको छैन ।’ घटनापछि क्षेत्रको राजनीतिक तापक्रम बढेको छ । कांग्रेस समर्थकहरूले यसलाई ‘राजनीतिक प्रतिशोधको कारबाही’ भनेका छन् भने भाजपा पक्षका नेताहरूले ‘निर्वाचन आयोगको सतर्कता’ भनेर व्याख्या गरेका छन् । स्थानीयस्तरमा चर्चा छ कि यो कारबाही भाजपा उम्मेदवार प्रमोद कुमार सिन्हाको दबाबमा भएको हो, यद्यपि यसबारे आधिकारिक पुष्टि भएको छैन । प्रशासनिक अधिकारीहरूले भने पत्रकारहरूसँग कुरा गर्न अस्वीकार गर्दै ‘जाँच प्रक्रिया जारी छ’ भन्ने छोटो प्रतिक्रिया दिएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन